# प्रदेश सभा
# गण्डकी प्रदेश
# विशेष अधिवेशन
# (दशौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७७/१०/०६ गते दिनको २.३० बजे।

प्रदेश सभाको विशेष अधिवेशनको आजको बैठकको कार्यबाही माननीय सभामुख श्री नेत्रनाथ अधकारी ज्यूको अध्यक्षतामा दिनको २.३० बजे प्रारम्भ भयो।

**माननीय सभामुख-**माननीय सदस्यहरु,आजको बैठकको कार्यबाही प्रारम्भ हुन्छ।माननीय सदस्यहरु सर्वप्रथम म माननीय मूख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङलाई संकल्प प्रस्तावको छलफलका क्रममा उठेको प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु।

**माननीय मूख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङ-** माननीय सभामुख महोदय,आज हामी गण्डकी प्रदेशको पहिलो विशेष अधिवेशनको यो बैठकमा उपस्थित छौं।यस पटकको विशेष अधिवेशनमा हामीले तिनवटा विषयका सार्वजनिक महत्वका विषयहरुमा छलफल चलाई सकेका छौं।गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ सालमा ल्याएको नीति कार्यक्रम त्यसमा आधारित कार्यक्रम र वजेटको कार्यान्वयनको स्थितिको बारेमा माननीयहरुले उठाउनु भएका सार्वजनिक महत्वका विषयको सन्दर्भमा माननीय मन्त्री रामशरण बस्नेतज्यूले उत्तर दिने काम सकिसक्या छ।त्यस्तै प्रकारले बेरोजगारी समस्याको सन्दर्भमा सार्वजनिक महत्वको विषयमा उठाएको विषयमा पनि माननीय मन्त्री नरदेवी पून मगर ज्यूले मन्त्रालयको तर्फबाट माननीय सदस्यज्यूहरुले राख्नु भएको प्रश्नहरु जिज्ञासाहरु, गर्नु भएको आलोचना टिप्पणीहरुको वारेमा पनि उहाँले स्पष्ट पारी सक्नु भएको छ।त्यस्तै प्रकारले गण्डकी प्रदेशमा भइरहेको मूल्यबृद्धि र वेरोजगारीको

समस्या लगायतको विषयमा पनि र आपुर्ति प्रबन्धको बारेमा उठाएका विषयहरुका बारेमा उद्योग, पर्यटन बन तथा वातावरण  मन्त्रीले केही विषयहरु राख्नु भएको छ। यसमा छुट भएका केही विषयबस्तुहरु म राख्न चाहान्छु। र आज हामी यो विशेष अधिवेशनको चौथो एजेण्डा र पहिलो हाम्रो साझा संकल्प कोभिड १९ को रोकथाम, नियन्त्रण, उपचार र यसको व्यवस्थापनको सन्दर्भमा गण्डकी प्रदेश सभाका सभामा प्रमुख प्रतिपक्ष दलका नेता श्री कृष्णचन्द्र नेपाली ज्यूको प्रस्तावमा अन्य तिन दलका माननीयज्यूहरु, माननीय मायानाथ अधिकारी, माननीय गायत्री गुरुङ, माननीय हरिशरण आचार्य, माननीय कृष्ण थापाज्यूले  समर्थन गर्नु भएको यो साझा संकल्प प्रस्तावको वारेमा उठेका जिज्ञासाहरु तपाईहरुले गर्नु भएका आलोचना र टिप्पणीका कुराहरु र साझा संकल्पका विषयहरुमा गण्डकी प्रदेश सरकारको तर्फबाट म यहाँ उठेका जिज्ञासाहरुको उत्तर दिने प्रयास गर्दैछु। सवभन्दा पहिला यो बिगतको सार्वजनिक महत्वको विषयमा उठेका केही प्रश्नहरु जो अझै अलिकती केही न केही स्पष्ट पार्नु पर्ने विषय छ। त्यसको बारेमा थोरै आफ्ना भनाइहरु राख्ने अनुमति चाहान्छु। श्रम तथा रोजगार र गरिवी निवारण सम्बन्धमा। गण्डकी प्रदेशमा श्रम तथा रोजगारको बर्तमान स्थितिको बारेमा अवगत गराउन चाहान्छु। कोभिडको कारण बन्दा बन्दीको समयमा प्रभावित श्रम बजार पर्यटन क्षेत्र बाहेक अन्य क्षेत्र क्रमश पुरानो लयमा फर्केको छ। पर्यटन क्षेत्र अझै पनि पुरानो लयमा फर्कन सकिराछैन। गण्डकी प्रदेशमा पन्ध्र बर्ष वा सो भन्दा बढि उमेर समुहको आर्थिक रुपले सक्रिय जनसंख्या अठार लाख अठसठ्ठी हजार रहेको त्यस मध्ये छ लाख एक हजार चार सय चौंतिस श्रम शक्ति करिब टोटल श्रम शक्तिको ३२.५ प्रतिशत प्रदेशमै नियमित आम्दानी हुने रोजगारिको क्षेत्रमा लागेको प्रदेशमा नियमित आम्दानी हुने रोजगरीमा लागेको श्रम शक्ति मध्ये शहरी क्षेत्रमा तिन लाख अठासी हजार र ग्रामिण क्षेत्रमा दुइलाख अठार हजार क्रियाशिल छन। यो श्रम शक्ति मध्ये प्राथमिक क्षेत्र जस्तै कृषि, बन,मत्सय पालन, खानी तथा उत्खनन क्षेत्रमा एक लाख चौध हजार तिन सय पैंचालिस व्यक्ति अर्थात कुल श्रम शक्तिको १९ प्रतिशत द्वितीय क्षेत्र जस्तै औद्योगिक

उत्पादन तथा प्रशोधन, विद्युत, ग्याँस, पानी, आपुर्ति र निर्माण क्षेत्रमा दुईलाख छ हजार चारसय अठतिस व्यक्ति अर्थात सम्पूर्ण श्रम शक्तिको ३४.७ प्रतिशत सेवा क्षेत्रमा दुईलाख असी हजार सातसय चौवालीस व्यक्ति अर्थात कुल रोजगारको ४६.३ प्रतिशत जनशक्ति श्रम क्षेत्रमा संलग्न छन। चार लाख एकाउन्न हजार सातसय छब्बिस श्रमशक्ति कुल श्रमशक्तिको २३.५प्रतिशत बैदेशिक रोजगारीमा रहेको अनुमान छ। हामीसँग यकिन तथ्याङ्क अझै पनि छैन। छ लाख चौवन्न हजार आठसय चालिस श्रमशक्ति करिब ३५ प्रतिशत नियमित आम्दानी नहुने निर्वाहमुखी कृषि र अन्य व्यवसायमा लागेको स्थिति छ। साठी हजार श्रम शक्ति अर्थात कुल जनसंख्याको नौ प्रतिशत पूर्ण बेरोजगार छ। हाम्रो प्रदेशमा कुल श्रमशक्ति मध्ये नौ प्रतिशत पूर्ण बेरोजगार भएको कुरा पनि जानकारी गराउन चाहान्छु। प्रधानमन्त्री रोजगार कार्यक्रममा अन्ठाउन्न हजार आठसय बेरोजगार व्यक्ति सुचिकृत भएका छन। पूर्ण बेरोजगार रहेका मध्ये पैतालिस हजार शहरी क्षेत्रका र पन्ध्र हजार ग्रामिण क्षेत्रमा रहेको कुरा जानकारी गराउन चाहान्छु। माननीय सभामुख ज्यू पुरुष बेरोजगारी दर नौ दशमलब चार र महिलाको बेरोजगारी दर आठ दशमलब चार प्रतिशत रहेको कुरा जानकारी गराउन चाहन्छु। शहरी क्षेत्रमा बेरोजगारी दर दश दशमलब तिन प्रतिशत रहेको छ भने ग्रामीण क्षेत्रमा छ दशमलब पाँच प्रतिशत रहेको कुरा जानकारी गराउन चाहन्छु। प्रतिबर्ष श्रम बजारमा करिब पचास हजार व्यक्ति थपिन्छन र नयाँ रोजगार श्रृजना गर्नु स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकार र निजी क्षेत्रलाइ चुनौतीको रुपमा रहेको कुरा जानकारी गराउन चाहान्छु। गण्डकी प्रदेशको श्रम शक्ति सहभागिता दर ३५.७ प्रतिशत छ। जुन राष्ट्रिय श्रम सहभागीता दर ३८.५ प्रतिशत भन्दा थोरै कम छ। हाम्रो श्रम बजार,श्रम शक्तिमा लागेका मान्छेको संख्या कम छ। नेशनल स्टान्डर्ड भन्दा हाम्रोमा करिब तिन प्रतिशतले कम छ र पुरुष सहभागिता दर ४८.८प्रतिशत टोटलमा महिला सहभागिता दर २६.५ प्रतिशत छ। शहरी क्षेत्रमा यो दर उनचालिस दशमलब चार प्रतिशत र ग्रामीण क्षेत्रमा ३०.३० प्रतिशत रहेको कुरा जानकारी गराउन चाहन्छु। गण्डकी प्रदेशमा मुख्य काममा अबसर प्राप्त गर्ने समय

हप्तामा पैंचालीस घण्टा रहेको छ। जसमा पुरुषको ४८ घण्टा र महिलाको उनचालिस घण्टा रहेको जानकारी गराउन चाहान्छु। गण्डकी प्रदेशको श्रम शक्ति मध्ये ३९.७प्रतिशत औपचारिक क्षेत्रमा ६०.३ प्रतिशत अनौपचारिक क्षेत्रमा काम गरिरहेको पाइन्छ। श्रमिकहरुको औसत तलब ज्याला  मासिक रु.१८,४७६। रहेको र जसमा पुरुषको रु.२३,१०६ र महिलाको १२,८०३ रहेको जानकारी गराउन चाहान्छु। नयाँ रोजगारी श्रृजनाको बारेमा प्रदेशमा गरिरहेको कामहरुको बारेमा पनि जानकारी गराउन चाहान्छु। प्रदेश सरकारको कृषि तथा पशुपंक्षी तर्फका कार्यक्रमहरु कार्यन्वयन गर्दा प्रत्यक्ष रुपमा पाँचहजार व्यक्तिले काम पाउनेछन भने अप्रत्यक्ष रुपमा दश हजार व्यक्तिले स्वरोजगार कार्यक्रम सञ्चालन गर्नेछन। यस क्षेत्रबाट बार्षिक करिब पन्ध्र हजार व्यक्तिले बार्षिक सय दिन बराबरको प्रत्यक्ष अप्रत्यक्ष रोजगार पाउने रोजगार उपलब्ध हुने कुरा जानकारी गराउन चाहान्छु। प्रदेश सरकारले सञ्चालन गर्ने छोटो तथा लामो तालिम र सिटिभिटीले उत्पादन गर्ने प्राविधिक जनशक्ति गरी जम्मा प्रदेश भरी आठ हजार दुइसय व्यक्तिलाइ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त गर्दैछन,यो बर्ष। यसरी तालिम प्राप्त व्यक्तिहरु मध्ये तिनहजार व्यक्ति प्रत्यक्ष रोजगारमा जाने र बाँकी पाँच हजार दुइसय व्यक्तिले आफ्नो व्यवसाय सञ्चालन गरि स्वरोजगार हुने अनुमान गरिएको छ। स्वास्थ्य क्षेत्र सुदृढिकरण कार्यक्रम, सहकारी क्षेत्र बिस्तार तथा सुदृढिकरण कार्यक्रम, शैक्षिक संस्थाको स्थापना तथा बिस्तार,खेलकुद पूर्वाधारको विकास,खेलकुद प्रतियोगिताको आयोजना, भाषा तथा संस्कृतिको संरक्षण र सम्बर्धन बिभिन्न बिषयमा अध्ययन अनुसन्धान घुम्ति स्वास्थ्य शिविर आदी जस्ता कार्यक्रम सञ्चालनबाट करिब छ हजार आठसय ब्यक्तिले वार्षिक करिब एकसय दिन बराबरको रोजगारी पाउने स्थिति छ। भैतिक पूर्वाधार तर्फ सडक झोलुङ्गे पुल र सडक पुलको निर्माण बिद्युत सेवाको विस्तार,सिंचाइ कुलो पुर्वाधारको निर्माण बिस्तार र मर्मत,नयाँ भवनको निर्माण र पुरानाको मर्मत सम्भार जस्ता कार्यक्रममा संलग्न गिटी कुटने,बालुवा चाल्ने, पर्खाल लगाउने, ढलान गर्ने, पलास्टर गर्ने,  बिद्युत, धारा र पानीका पाइप आदी फिटीङ्ग गर्ने मजदुर,

परामर्श दाता, ठेकदार, निर्माण कम्पनी, निर्माण सामाग्री ढुवानीकर्ता गरी करिब दश हजार व्यक्तिले वार्षिक सय दिन बराबरको रोजगारी प्राप्त गर्नेछन। उद्योग,पर्यटन,वन तथा वातावरण तर्फ घरवास कार्यक्रम होमस्टे, सामुदायिक वन विकास कार्यक्रम, बैज्ञानिक वन विकास कार्यक्रम,पर्यटन पुर्वाधार विकास कार्यक्रम, भु तथा जलाधार क्षेत्र व्यवस्थापन कार्यक्रम,ताल संरक्षण तथा विकास कार्यक्रम,घरेलु तथा साना उद्योग कार्यक्रम खनिज जन्य बस्तुको उत्खनन कार्यक्रम तथा वनमा आधारित उद्योगहरुको बिस्तार कार्यक्रमले प्रत्यक्ष रुपमा एकहजार र अप्रत्यक्ष रुपमा आठ हजार गरी करिब नौ हजार व्यक्तिलाइ प्रत्यक्ष वा अप्रत्यक्ष गरि सय दिन बराबरको रोजगारी उपलब्ध हुनेछ। प्रदेश सरकारले सञ्चालन गर्न लागेको व्यवसाय जिवन रक्षा कोषबाट करिब चार अर्व देखि छ अर्वको थप लगानी हुने अनुमान छ। सामान्यतया हेर्दाखेरी चार देखि छ भन्दा पनि हामीले अनुमान गरेको हामीले एक अर्व बराबरको यो सरभाइवल फन्ड जुन स्थापना गरेका छौं। एक अर्वको व्याज हामी लगानी गर्छौं। तिन बर्षमा साँवा भुक्तान गर्ने गरेर हामीले साना र मझौला खालका व्यापारी, व्यवसायहरुलाइ खास गरिकन पर्यटन क्षेत्रका सार्वजनिक यातायात क्षेत्रको, उद्योग क्षेत्र कृषि क्षेत्र र सेवा क्षेत्रका व्यावसायहरुलाइ हामीले श्रण प्रदान गर्दैछौं। यसबाट हामीले एक अर्व व्याज लगानी गर्ने स्थिति बन्यो भने व्याज अनुदान दिने व्यवस्था गर्न सकियो भने दश अर्व वरावरको लगानी हुने अनुमान छ। यसको अतिरिक्त स्थानीय तहले गर्ने लगानी र नेपाल सरकारले गर्ने लगानीबाट र नीजि क्षेत्रले गर्ने लगानीबाट थप रोजगारको अवसर सृजना हुनेछन र श्रम तथा रोजगारका समस्या बिस्तारै समाधान हुने छ। अहिलेको स्थिति हाम्रो यहि हो। गरिवी निवारण तर्फ सम्वत २०७४ मा प्रदेश सरकार गठन भए लगत्तै प्रदेश सरकारले गरिवी निवारणलाइ उच्च प्राथामिकता दिएको गरिवी निवारणको लागि प्रदेश सरकारले गरिव लक्षित कार्यक्रम सञ्चालन गरिरहेको व्यहोरा अनुरोध गर्न चाहान्छु। प्रदेश सरकारले सञ्चालन गरेका घरवास कार्यक्रम,सामुदायिक बन बिकास कार्यक्रम, बैज्ञानीक बन व्यवस्थापन कार्यक्रम, पर्यटन पर्वद्धन कार्यक्रम, वनमा आधारित उद्योगहरु विस्तार

मुख्यमन्त्री वाल मैत्री कृषि गाँउ कार्यक्रम नमुना कृषि तथा मत्स्य विकास कार्यक्रम जग्गा चक्लाबन्दी कार्यक्रम तथा साना सिंचाइ कफि अलैची रेशम र फलफुल विकास कार्यक्रम सिप विकास कार्यक्रम निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम र जनता आवास कार्यक्रम गरिव लक्षीत कार्यक्रम हुन। यी कार्यक्रमले प्रदेशको गरिवी निवारणमा महत्वपुर्ण योगदान दिएका छन। गण्डकी प्रदेशको कुल प्रक्षेपित जनसंख्या चौबिस लाख उनानसय हजार नौ सय एक मध्ये तिन लाख बहत्तर हजार छ सय त्रिसठ्ठी अर्थात चौध दशमलब नौ एक प्रतिशत जनसंख्या निरपेक्ष गरिविको रेखा मुनि थियो। प्रदेश सरकार स्थानिय तह नेपाल सरकार र निजी क्षेत्रको कार्यक्रमको सञ्चालनले गर्दा बिगत दुइ बर्षमा उननचास हजार नौसय अन्ठानब्बे व्यक्ति निरपेक्ष गरिविको रेखा माथि उठेका छन। बिगत दुइ बर्षमा निरपेक्ष गरिविको रेखामुनि बस्ने जनसंख्या चौध दशमलब एकानब्बे प्रतिशत बाट घटेर बाह्र दशमलब एकानब्बे प्रतिशतमा झरेको अनुमान छ। आर्थिक बर्ष २०७७/७८ मा सैंतिस हजार चार सय अन्ठानब्बे व्यक्ति निरपेक्ष गरिविको रेखा माथि उठ्ने तयारी गरिरहेका बेला कोभिड १९ को असरको कारण उनीहरुको गरिविको रेखा माथि उठ्ने प्रयास एक बर्ष पछी धकेलिएको छ। एक्सट्रिम पोभर्टि लाइनमा बसेका गरिवीको रेखामुनि रहेका जनताहरुको लागी गरिवीका रेखा माथि उकाल्ने हाम्रो जुन प्रयास थियो र यो बर्ष प्रक्षेपण गरेका थियौं। सैंतिस हजार चारसय अन्ठानब्बे जनालाइ गरिवीको रेखामाथि पुर्याउने भनेर त्यसलाइ कोभिडको कारणले जुन लकडाउन शुरु भयो जुन कोभिडको कारणले आर्थिक कृयाकलाप जुन सञ्चालन गर्न अझैपनि गाह्रो भइरहेछ। यसले त्यो समस्या एक बर्ष पर धकेलिने एक बर्ष अगाडीनै हामीले सोचेको कुरा हुन नसक्ने हाम्रो प्रक्षेपण के थियो भने प्रथम आवधिक पञ्च बर्षिय योजनामा हाम्रो चौध दशमलब एकानब्बे प्रतिशत बाट हामिले ७ प्रतिशतमा झाछौं भनेका थियौं। प्राय टुवान्टी थर्टीमा त्यसलाइ दुइ प्रतिशतमा झार्ने हाम्रो प्रक्षेपण थियो। यो हिसाबले गर्दा खेरी हाम्रो हामिले अनुमान गरेका थियौं। यो बर्ष हाम्रो नौ प्रतिशतमा झर्छ होला भन्ने थियो। तर यो कोभिडको कारण बाह्र प्रतिशतमा झरेको तल

चाँही जाने क्रममा कोभिडले अबरोध गर्ने कुरा जानकारी गराउन सकिन्छ। मूल्य बृद्धि नियन्त्रण प्रयासको बारेमा मूल्य नियन्त्रण गर्ने विषयमा प्रदेश सरकार यी प्रयासका बाबजुत आ.ब०७६/७७मा प्रदेशमा मूल्य सूचाङ्क आ.व.०७५/७६ को तुलनामा खाद्य तथा पेय पदार्थमा ८.१६ प्रतिशतले सेवा क्षेत्र तर्फ ४.६१ प्रतिशतले बृद्धि भै सरदर उपभोक्ता मूल्य सूचाङ्क ६.१प्रतिशतले बृद्धि भएको छ। यो हाम्रो नेपाल सरकारको केन्द्रिय तथ्याङ्क अनुसार आर्थिक बर्ष ०७६/७७ को तथ्याङ्कको आधारमा भएको हुनाले साउन देखि यता कति चाँहि बढ्यो हामिले त्यसलाइ ठोस रुपमा अहिले भन्न सकिने स्थिति छैन। माननीय सदस्य ज्यूहरुले बजारको प्रत्यक्ष अनुगमन गरेर कुराहरु राखु भएको छ। त्यसमा केहि न केहि तेही आसपासमा हाम्रो बजारको मूल्यबृद्धि तल माथी मूल्यवृद्धि भैराखेको होला मन्ने अनुमान हामिले लगाउन पर्ने हुन्छ। बिश्व बैंकले नेपालमा २०२० अर्थात आर्थिक बर्ष ०७६/७७मा मुद्रा स्फिति दर ६.७ प्रतिशत रहेको अनुमान गरेको छ। जुन नेपाल राष्ट्र बैंकले गरेको अनुमान सँग मिल्दो जुल्दो छ। सन २०२० मा बंगलादेशमा मूद्रा स्फिति ५.५प्रतिशत,भुटानमा ३.१,भारतमा ३.३, माल्दिभ्समा१.५, श्रीलंका र अफगानिस्थानमा ४.७ र पाकिस्तानमा ११प्रतिशत र चिनमा ११ प्रतिशत थियो। मैले यो किन उल्लेख गरेको भन्देखि हाम्रो बजारको मूल्यबृद्धि वा मूल्यनियन्त्रणमा बिदेशी बजारको महत्वपूर्ण भुमिका हुन्छ। त्यसकारणले भारतमा ३.३प्रतिशत मूल्यबृद्धि भयो भने भारत र नेपालको मूद्रा सटही दर १.६ प्रतिशत भएको हुनाले त्यही अनुपातमा नेपालमा मूल्य सोतह बढिहाल्छ। उदाहरणको लागि सय रुपैयाँ पर्ने एकसय तिस पैसा पर्यो भने भारतमा त्यसको त्यही दरमा हाम्रो बढीहाल्ने हुन्छ। करिब १०६ रुपैयाँ पर्ने स्थिति बन्छ। तिन चार रुपैयाँ त्यहाँ बढिहाल्छ। त्यहाँबाट यहाँ ढुवानी गर्ने कुरामा कोभिडको कारणले ढुवानीमा जे समस्या अर्को बृद्धि गर्नेभो। अरु अन्तराष्ट्रिय बजारको भाउहरु बढिरहेको छ। मालसामान ओसार पोसारको कारणले, कारखाना नचलेको कारणले रड डन्डी या छट इत्यादी जे जे कुराहरु भइराछ,त्यसरुपमा अन्तराष्ट्रिय बजारको कारणले त्यहाँ उत्पादन त्यहाँको ढुवानी त्यसको सबैको प्रभावले गर्दा खेरी

जुन मूल्य बृद्धि त्यहाँ भैरहेको छ।स्वत: त्यो नेपालमा बृद्धि हुन्छ।जुन हामीले यहाँ नियन्त्रण गर्ने स्थिती हाम्रो काबु भन्दा बाहिरको विषय छ।त्यसलाइ हामीले कसरी व्यवस्थापन गर्ने कसरी अझ बढ्न नदिने भनेर राज्यको संयन्त्रहरु,राज्यको श्रोत अनि साधनहरु राज्यका बिधि बिधानहरु निर्माण गरेर त्यसलाइ कसरी व्यवस्थित गर्ने भन्ने कुराहरु मात्र हुन्छ।त्यसकारणले मूल्य बृद्धिको बिषय गण्डकी प्रदेशको त अझै झन गण्डकी प्रदेश देखि माथि नेपाल सरकार छ।नेपाल सरकार देखि माथि छिमेकीहरु छन अन्तराष्ट्रिय समुदाय छ।जसले हाम्रो मूल्य बृद्धिमा प्रत्यक्ष प्रभाब पार्ने कुरा हुन्छ।त्यो कुरालाइ ध्यानमा राखेर यहाँ मैले के अनुरोध गर्न खोजेको हो भने यो चाँहि यस्ता विषय उठाँउदा खेरी खालि हामि तथ्याङ्कमा यति भो भनेर के गरेको हो भनेर मात्र हैन हामीलाइ के चाहिन्छ, आलोचना के गर्नु पर्यो।हामीलाइ सुझाब के दिन पर्यो।हामीले गरेको कुरामा टिप्पणी कहाँ नेर उठाउनुपर्यो भने माननीयजीहरुले भने नेपालमा मूल्यबृद्धि यति प्रतिशतले बढ्यो अन्तराष्ट्रिय बजारमा या भारतमा भारतको बजारमा मूल्यबृद्धि भएको हुनाले त्यसको प्रत्यक्ष प्रभाव नेपालमा परिहाल्ने कारणले पनि नेपालमा यसरी मूल्यबृद्धि भएको हो।त्यो भन्दा अस्वाभाविक ढंगले एकसय छ रुपैयाँ हुनुपर्नेमा एकसयतिन रुपैयाँ पर्ने भारतमा एकसय छ रुपैयाँ हुनुपर्ने उदाहरणको लागि भनेको मैले एकैचोटी पन्ध्रको बिस भयो भने त्यो किन भयो त्यो नियन्त्रण किन नगरेको त्यसमा कानूनी प्रबन्धका कुरामा कमजोरी भएको छ कि या बिधि बिधानमा बिधिको कुरामा कमजोरी भएको छ कि बिधी बनाउनुपर्यो।कार्यबिधी बनाउनु पर्ने होला नियमावली बनाउनु पर्ने होला।केही संरचना चाहिने भएका हुनाले थप संरचना बनाउनु पर्ने होला।थप जनशक्ति चाहिन्छ होला त्यो बिषयमा दक्ष जनशक्तिलाइ कसरी त्यहाँ पठाएका छौं।लगाएका छौं भन्ने सँग त्यहाँ जोडीएका छ होला त्यसमा नेपाल सरकारले गर्नुपर्ने थप नारायणी नदी तरेपछी तलबाट काली गण्डकी नदी तरिसकेपछाडी कसरी यो गण्डकी प्रदेश भित्र त्यसको व्यवस्थापन गर्ने कुरामा सुझाव आयो भने यो हाम्रो लागि ठूलो गुण हुन्छ।यो गुण लगाउने कुरामा माननीयहरु चुक्नु भएकै देखिन्छ।त्यसलाइ हामिले बिरोध या आलोचना

मान्दैनौं। हाम्रो गण्डकी प्रदेश सरकारलाइ गण्डकी प्रदेशमा बजार मूल्य नियन्त्रण गर्ने कुरामा बजार मूल्यलाइ अझै व्यवस्थित गर्ने कुरामा प्रभावकारी भुमिका खेल्ने कुरामा थप मद्दत मिल्छ। बैचारिक सहयोग हुन्छ हामीलाइ यही कुराको अपेक्षा गर्न चाहान्छु। आर्थिक बर्ष ०७६/७७मा खाद्यान्नमा ३.९९प्रतिशतले,दालमा १०.१४ प्रतिशतले, तरकारीमा २२.९६प्रतिशतले, मासुमा ७.९२ प्रतिशतले, अण्डामा र दुग्ध जन्य पदार्थमा ५.६१प्रतिशतले, घिउमा ४.२१, फलफुलमा ११.५२, चिनी र चिनी जन्य उत्पादनमा ४.९८, हल्का पेय पदार्थमा ४.२७, अल्कोहलमा ९.९९, सुर्तिजन्य पदार्थमा १०.१८, प्रतिशत र रेष्टुरेण्ट र होटल समुहमा ७.७४ प्रतिशतले बृद्धि भएको यो चाँही असार सम्मको मात्र हो। साउन देखि यता अझ चाँहि हाम्रो बजार राम्रो सँग चली नसकेको हामी कोभिड १९ को प्रभावबाट अझै तङरिन नसकेको हाम्रो बजार हाम्रो पर्यटन क्षेत्र हाम्रो औद्योगिक क्षेत्र हाम्रो यातायात या सार्वजनिक क्षेत्र सेवा क्षेत्र तेल्ले पनि प्रभाव पारेको हुनाले त्यसमा थप यो कोभिडको कारणले अन्तराष्ट्रिय बजारबाट ढुवानी गर्दा लाग्ने थप दस्तुर अन्तराष्ट्रिय बजारमा बढेको कारणले यहाँ बढ्ने कुरा छ। यो अहिले असार सम्मको प्रक्षेपण हामीले यहाँ सुनाएका छौं। यसमध्येकेहि चाँही बढेको हुन सक्छ पक्कै पनि किन अहिले हाम्रो स्थिति तन्दुरुस्त भैनसकेको हुनाले यसमा केही बढी हुने कुरा स्वाभाविक छ भन्ने कुरा लागेको छ मलाइ। गैर खाद्य बस्तु तथा सेवा तर्फ कपडा तथा जुत्तामा ५.४५ प्रतिशत, घर तथा अन्य उपभोग्य बस्तुमा ४.७५ प्रतिशत, फर्निचर र घर सजावटका सामानमा ४.५४, स्वास्थ्य क्षेत्रमा ४.३८, यातायात क्षेत्रमा १.५६, संचारमा १.७६,मनोरञ्जनमा २.१४ र शिक्षामा ५.२६ प्रतिशतसम्म मूल्य सुचाङ्कमा बृद्धि भएको जानकारी गराउन चाहान्छु। त्यो के हो भन्दा हाम्रो प्रथम चौमासिक सकेर दोस्रो चौमासिकको बिच बिचमा छौं। यसले गर्दा खेरी यसमा थप बृद्धि भएको हुनसक्छ अझ त्यो टुवाक्क त्यो हाम्रो तथ्याङ्कमा हाम्रो राष्ट्र बैंक केन्द्रिय तथ्याङ्क बिभाग र अर्थ मन्त्रालयले यसमा गरे नगरेको प्रदेश सरकारको आफ्नै तथ्याङ्क बैंक नभएको कारणले गर्दा खेरी जुन हामीले यो प्रक्षेपण माथीको तथ्याङ्कमा भर पर्ने भएको

हुनाले पनि हामीले यो चार पाँच महिनामा कति चाँही बृद्धि भए होला मूल्य बृद्धि कति भए होला यकिन गर्न नसकेको कुरा माननीय समक्ष जानकारी गराउन चाहान्छु। माननीय सभामुख महोदय,आर्थिक बर्ष ०७६/७७मा नेपालमा भएको मूल्य बृद्धिदर चिन बाहेक अन्य छिमेकी देशमा मिल्दो जुल्दो छ। चिनमा धेरै मूल्य बृद्धि भएन हाम्रो दक्षिण एशियन मूलुकमा बढेकै देखिन्छ। नेपाल सरकार र प्रदेश सरकारले मूल्य बृद्धि बान्छित सिमा भित्र राख्ने अथक प्रयास गर्दा गर्दै पनि अन्तराष्ट्रिय स्तरमा भएको मूल्यबृद्धिको असर नेपाल तथा गण्डकी प्रदेशमा पनि पर्न गयो। अन्तराष्ट्रिय बजारमा  मूल्यबृद्धि हुँदा आयतित सामानमा आधारित अर्थतन्त्रमा प्रत्यक्ष असर पर्यो। हामी त आयतित पदार्थमा आधारित मुलुक नै भयो। यो मूल्यबृद्धि नेपाल सरकार र प्रदेश सरकारको कारणले मात्र नभै अन्तराष्ट्रिय स्तरमा भएको मूल्यबृद्धिले पनि वढि प्रभाव पारेको कुरा जानकारी गराउन चाहान्छु। मूल्यबृद्धि हुनका अन्तराष्ट्रिय कारणहरु कोभिड १९ को कारण धेरै देशले लकडाउन गरेकाले अन्तराष्ट्रिय हवाइ उडान बन्द कार्गो रेल तथा अन्य यातायातका साधन बन्द भै बस्तु तथा सामानहरुको ढुवानी नियमीत नहुँदा खेरी आयात नहुँदाखेरी त्यसले मूल्बृद्धिमा पार्ने असर अहिलेको कोभिडको कारण उत्पन्न भएको अवस्था हाम्रो गण्डकी प्रदेश सरकारको बुता भन्दा सिमा क्षमता सामर्थ्य भन्दा बाहिरको कुरा हो। सन २०२०मा भारतमा ३.३प्रतिशतले मूल्य बृद्धि हुनु र त्यसको प्रत्यक्ष असर नेपालको बजारमा पर्नु ३.३ प्रतिशतले मूल्यबृद्धि भारतमा हुँदा खेरी भारतको र नेपालको मूद्रा सटही दर १.६ अथवा भारतको चाँही सय रुपैयाँ भारतिय रुपैयाँको नेपालमा १६० रुपैयाँ हुने हुनाले त्यसको असर प्रत्यक्ष भारतमा बढ्ने बित्तिकै नेपालमा बढ्छ स्थिर क्रय दर हो। लकडाउनको समयमा उत्पादनमूलक उद्योगहरु बन्द हुँदा बजारमा सामानहरुको पर्याप्त अभाव पर्याप्तता कम हुनु सामान आयत गर्न बिदेशी मूद्रा प्रयोग गर्नुपर्ने र बिदेशी मूद्रा सुदृढ हुँदा नेपाली रुपैयाँ कमजोर भइ महङ्गी बढेको मूल्य बृद्धि हुनुका राष्ट्रिय कारणहरु कोभिड १९ को जोखिम उच्च रहेको बेला खाद्य बस्तुहरुको नियमित उत्पादन ढुवानी गर्न नसकेको, मजदुरहरुको सिमीत गतिविधी भएको धेरै

गतिविधी हुन नसकेको उत्पादन धेरै घटेको खुला कारोबार गर्न कोराना भयको कारणले जनताहरु खुला गतिविधीमा नलागेको अन्तराष्ट्रिय बजारबाट सामान आयात गर्न लागेको अतिरिक्त समयको आदी कारणले मूल्य बृद्धि भएको कुरा सम्मानित सदन समक्ष जानकारी गराउन चाहान्छु। यसमा चाँही कूल ग्राहस्थ उत्पादनले हाम्रो मूल्यबृद्धिमा प्रभाव पार्ने भएको हुँदा कोभिड १९ को प्रकोप भित्र प्रदेशको कूल ग्राहस्थ उत्पादन सकरात्मक रहनु प्रदेश सरकारको सफलता हो। यहाँलाइ म जानकारी गराउन चाहान्छु। हामिले चैत्रको सात गते देखि पहिलो हप्ता देखि शुरु भएको लकडाउन शुरु गयौं गण्डकी प्रदेशमा नेपाल सरकारले चैत्रको ११ गते देखि लकडाउन शुरु गर्यो। यो लकडाउनको कारणले चैत्र बैशाख भित्र अर्थतन्त्रमा परेको प्रभाव आर्थिक बृद्धिदरमा पारेको प्रभाव कूल ग्राहस्थ उत्पादनमा त्यसले पारेको प्रभावलाइ हामीले मूल्याङ्कन गर्दा खेरी दुई महिना सम्मको स्थितिमा नेपालको यो बर्षको आर्थिक बृद्धिको प्रक्षेपण ९.२ थियो। नेपाल सरकारको पनि त्यही हाराहारीमा थियो। त्यसमा हाम्रो लकडाउनको कारणले गर्दा खेरी हाम्रो यो आर्थिक बृद्धिदरको जुन लक्ष्य राखेका थियौं त्यो प्राप्त गर्ने स्थिति बनेन। धेरै प्रदेशहरुमा नकारात्मक तिर झर्यो त्यो। नेपाल सरकारको २.६८ मा रहयो। त्यो बेला पनि हाम्रो नेपाल सरकारको हाराहारीमा २.६८ त्यस्तै थियो। पछि त्यसको दुइ महिना पछाडी जेठ र असारको मूल्याङ्कन गर्दा खेरी यो बन्दा बन्दी चार महिना हुँदा खेरी आर्थिक बृद्धिदरमा के असर पर्यो कुल ग्राहस्थ उत्पादनमा के असर पर्यो मूल्य बृद्धिदरमा त्यसले के असर पार्यो कुराकानी गरिरहँदा खेरी हामीले नेपाल सरकारको राष्ट्र बैंकले, अरु लाइन एजेन्सीहरुले डेभलपमेन्ट गरिवीको प्रक्षेपणमा पनि नेपाल सरकारको २.६८ बाट असार मसान्त सम्म आउदा खेरी घटेर ०.६ प्रतिशतमा झर्यो। अरु धेरै प्रदेशहरुको नेगेटिभ आर्थिक बृद्धिदर ऋणात्मक तिर गयो तर गण्डकी प्रदेशको २.२९ मा कायम रहेथ्यो असार सम्म। यो गण्डकी प्रदेशले शुरुमै लकडाउनको मोडालिटी चेन्ज गरेर नेपाल सरकारले बैशाख २६ गते ओपन गरेको मार्केटलाइ हामीले बैशाखको पहिलो हप्ताबाटै शुरु गरेका थियौं। विकास निर्माणको काम शुरु गर्न थालेका थियौं

हामिले। उद्योग,खाद्यान्न सँग या सेवा सँग जोडिएका उद्योगहरुलाइ संचालन गर्ने कामहरु गरेका थियौं। त्यो उद्योगहरु संचालन गर्ने कुरा बजारलाइ खोल्ने कुरा, कृषि क्षेत्रमा लगानी गर्ने कुरा कृषि सामग्रिहरुको व्यवस्थापन गर्ने कुरा, कृषि औजारको हामीले बजार खोल्ने कुरा र हामीले यसै सन्दर्भमा गण्डकी प्रदेश सरकारले विकास निर्माणका थुप्रै कार्यक्रमहरुको ठेकदारहरु फेरी बोलाएर सवै ठेकदारहरुको भेला गराएर मजदुरको नेतालाइ यहाँ भेला गराएर फेरी पनि पुननिर्माणको कामलाइ थालनी गरेको कारणले हाम्रो नेगेटिभ हुन पाएन। अहिले पनि नेपाल सरकारको ०.६ प्रतिशत रहन्छ भन्ने अनुमान छ। हाम्रो २.२९ प्रतिशतबाट घटेको छैन बरु बढेको होला किनभने हामी बिस्तार बिस्तार अर्थतन्त्रको चलायमान बढाँउदै छौं अर्थतन्त्र बृद्धिका लागी। त्यसैले गर्दा खेरी माननीय सभामुख महोदय,यो कुल ग्राहस्थ उत्पादनको हिसाबले गर्दा खेरी सकारात्मक रहेकोले प्रदेश सरकारको सफलता हो भन्नु पर्छ। बिश्व बैंकले २०२० को अक्टुबर महिनामा गरेको अनुमान अनुसार हाम्रो छिमेकी देश माल्दिभ्सको कुल ग्राहस्थ उत्पादन १९.५ प्रतिशतले भारतको ९.६ प्रतिशतले किनभने हामीले तुलना पनि गर्नुपर्छ । अरुको तुलनामा अन्तराष्ट्रिय स्तरमा साह्रै तल हो की माथि हो धेरैले ब्यक्तिहरुले गरेको प्रक्षेपण भनिरहेको बिरोध जस्तो साँच्ची हो कि होइन भनेर दाँया बाँयाको चिजलाइ पनि हेर्नुपर्छ भनेर मैले हिजो उठान गरेको श्रीलङ्काको ६.७ प्रतिशतले, अफगानिस्थानको ६.७ प्रतिशतले, पाकिस्तानको १.५ प्रतिशतले, एउटा समग्र दक्षिण एशियाको ७.७ प्रतिशतले ऋणात्मक रहेको अवस्थामा सवै कुरा खालि बंगलादेश र नेपालको बंगलादेशको कुल ग्राहस्थ उत्पादनको ९ प्रतिशतले भुटानको १.५ नेपालको १.२ प्रतिशतले बृद्धि हुनु सरकारको आर्थिक नीतिको सफलता हो। यो तिनवटा देशले मात्र दक्षिण एशियामा आफ्नो आर्थिक बृद्धिदरलाइ कुल ग्राहस्थ उत्पादनलाइ सकारात्मक दिशातिर राख्न सक्यो। धेरै थोरैको बिषय होला धेरैको नकारात्मक दिशातिर गएको हुनाले यो हाम्रो सफलता हो भनेर भन्न पर्छ। यद्यपि त्यो हामीले चाहेको भन्दा कम छ भन्ने कुरा यहाँ पनि निवेदन गर्न चाहन्छु। बिश्व बैंकले झै एशियाली विकास बैंकले सन २०२० को

सेप्टेम्बर महिनामा दक्षिण एशियाका देशहरुको कुल ग्राहस्थ उत्पादनको बृद्धि भएको बारेमा अनुमान गरेको थियो।यसले गरेको अनुमान अनुसार हाम्रो छिमेकी देश माल्दिभ्सको कुल ग्राहस्थ उत्पादन २.५ प्रतिशत भारतको ९.०प्रतिशत श्रीलङ्काको ५.५ अफगानिस्थानको ५ पाकिस्तानको १.९ र समग्र दक्षिण एशियाको ६.८ प्रतिशतले ऋणात्मक रहेको अवस्थामा बंगलादेशको कुल ग्राहस्थ उत्पादनमा ५.२ प्रतिशतले गर्दा सकरात्मक भुटानको २ प्रतिशतले सकरात्मक नेपालको २.३ प्रतिशतले धनात्मक रहेको अनुमान गरेको थियो।यि दुबै भरोसायोग्य अनुमानले नेपाल सरकारले कोभिड १९ को असरबाट अर्थतन्त्र बचाउन सकरात्मक कार्य गरेको त्यसको प्रत्यक्ष असर गण्डकी प्रदेशमा परेको जानकारी गराउन चाहान्छु।संयुक्त राष्ट्र संघिय विकास कार्यक्रम यु.एन.डि.पी. र गण्डकी प्रदेशले संयुक्त रुपमा अध्ययन गरे अनुसार आर्थिक बर्ष २०७५/७६ मा प्रदेशको कुल ग्राहस्थ उत्पादन ७ प्रतिशतले बृद्धि भै रु तिन खर्व आठ अर्व पुगेकोमा आर्थिक बर्ष ०७६/७७मा ९.२ प्रतिशतले बृद्धि भै तिन खर्व चौवन्न अर्व पुग्ने प्रक्षेपण गरेकोमा कोभिड १९ को असरले गर्दा अर्थतन्त्र संकुचन भै २.२९ प्रतिशतले बृद्धि भएकोले कुल ग्राहस्थ उत्पादन ३ खर्व छब्बीस अर्वमा सिमीत भएको छ।आर्थिक बर्ष ०७५/७६ को तुलनामा आर्थिक बर्ष ०७६/७७ मा प्रदेश १ को कुल ग्राहस्थ उत्पादन १.०७,प्रदेश २ को ०.७२, कर्णाली प्रदेशको १.६२,सुदुर पश्चिमको १.२५,गण्डकी प्रदेशको २.२९ थियो।सोहि अवधिमा बाग्मती प्रदेशको कुल ग्राहस्थ उत्पादन१.२७ प्रतिशत र लुम्विनी प्रदेशको ०.५ प्रतिशतले ऋणात्मक रहेको थियो।बाग्मती र लुम्विनीको ऋणात्मक थियो।अरुको धनात्मक हुँदा पनि सबैभन्दा बढी गण्डकीको थियो सो कुरा यहाँ जानकारी गराउन चाहान्छु।बैशाख महिना देखिनै कोभिड १९ को असर व्यवस्थापन गर्न उचित ध्यान दिएकोले प्रदेशको अर्थतन्त्र ठूलो नोक्सानीबाट बचेको कुरा सम्मानित सदन समक्ष जानकारी गराउन चाहान्छु।कोभिड १९ को प्रकोपको बेला प्रदेशमा महँगी नियन्त्रण गर्न र प्रदेशको अर्थतन्त्र चलायमान बनाउन प्रदेशका सहयोग गर्ने सबै माननीयहरु सदस्यहरुलाइ आभार प्रकट गर्न

चाहन्छु। अन्तिममा यसै साथ जोडेको बिषय के भन्न चाहान्छु भने यो मूल्य बृद्धि र मूल्य स्फितिको बिचमा के अन्तर सम्वन्ध छ। मूल्य स्फिति अमेरिकी डलर सँग हाम्रो प्रत्येक देशको डलर सटही जुन क्रय शक्ति हुन्छ त्यसको आधारमा मुद्रा स्फिति घट्बढ हुने हुन्छ। मूद्रा स्फिति बढ्दै गयो मूल्य बृद्धि बढ्दै जान्छ मूल्य स्फिति घटदै गयो मूल्य बृद्धि स्वत घट्दै जाने स्थिती रहन्छ। यो दुइटाको बिचमा अन्तर सम्वन्धित छ। त्यसकारणले गर्दा खेरी मूल्य स्फिति हाम्रो किन बढयो अहिले पनि हाम्रो दोहोरो अंकको मट्ठल्यबृद्धि छैन। यो दक्षिण एशियाको त्यसै पनि नेपालको भन्दा खेरी ५.५ मूल्य स्फिती छ। उदाहरणको लागि पहिला हामी सरकारमा यहाँ आँउदा खेरी २०७४ साल फागुन ४ गते हामी सरकारमा आँउदा खेरी गण्डकी प्रदेशमा सरकार वनिरहेको स्थितिमा सायद त्यो बेला अहिले यकिन मलाइ थाहा भएन उनानब्बे या नब्बे या सयको त्यसको आसपासमा थियो होला। अमेरिकी डलर एकसयको भाउ चाँही एक डलरको भाउ त्यति नेपाली रुपैयाँ थियो होला। आज त्यो बढेर एकसय अठार रुपैयाँ पुगेको छ। जति हाम्रो मूद्रा अमेरिकी मुद्राको तुलनामा हाम्रो मुद्राको क्रय शक्ति घट्दै जान्छ। अमेरिकी मुद्राको भाउ बढदै जान्छ त्यो मुद्रा बलियो हुदै जान्छ। त्यसले मुद्रा स्फितिमा त्यसले प्रभाव पार्छ। मुद्रा स्फिति बढ्दै जान्छ र त्यसले प्रत्यक्ष रुपमा हामीले एकसय डलर तिरेर ल्याएको चिज हाम्रो के हुन्थ्यो। करिब करिब नौ दश हजार हुन्थ्यो। अहिले त्यो बढेर एघार हजार आठसय या बाह्र हजार पुगिसकेको हुन्थ्यो। त्यो चाँही दुइ तिन हजार चाँही दश हजार भित्र दुइ तिन हजार बढ्ने भनेको कति हुन्छ। बिस प्रतिशत बृद्धि हुन्छ। त्यो मूल्यबृद्धि बिस प्रतिशत हुँदा खेरी मूल्य बृद्धि मूल्य स्फिति मूल्य बिस प्रतिशत बढ्दैन? त्यसको पनि असर छ। भारतिय मूद्राको र हाम्रो मूद्रा बिचको सटहीको कुरा छ। अमेरिकी मूद्रा सँग हाम्रो मूद्राको सटहीको कुरा छ। क्रय शक्तिको कुरा छ। यसले प्रभावित पार्ने कुराले गर्दा खेरी यो अन्तराष्ट्रिय बजारमा भएको अमेरिकी मूल्य बृद्धि डलरको भाउ बढ्ने कुरा हाम्रो बुता भित्र छ। हामीले धेरै गर्न सकियो हाम्रो मूद्रालाइ राख्न सकियो भने बेग्लै कुरा हो। अन्तराष्ट्रिय जगतमा अमेरिकी मुद्राको भाउ जसरी

बढिरहेछ। क्रय शक्ति जसरी बढिरहेछ।त्यसको तुलनामा नेपालमा चाँही हाम्रो मुद्रा कमजोर भएको हुनाले यसले हाम्रो मूल्य बृद्धिमा असर परेको कुरा अस्ति माननीय मन्त्रीज्यूले उत्तर दिने क्रममा यो कुरा केही नखुलेको हुनाले मैले यति थप समय दिने जमर्‍को गरेको हो।अब म थोरै के भन्न चाहान्छु हाम्रो स्थिति के छ? गरिवीको स्थिति यो गण्डकी प्रदेशमा गरिविको स्थिति गोर्खा जिल्ला ०७६/७७को गरिवीको प्रतिशत ०७६/७७मा गोर्खा जिल्लामा २०.४ प्रतिशत रहन्छ भन्ने अनुमान थियो हाम्रो ०७६ मा अनुमानित गरिवको जनसंख्या सन्ताउन्न हजार पाँचसय नौ हुन्छ गोर्खा जिल्लामा भन्ने थियो।अब ०७५/७६र ०७६/७७मा गरिवीको रेखामा उठेको जनसंख्या पाँचहजार छ सय अठतिस थियो, हामीले माथी उकासेका थियौं।त्यसले गर्दा उठन तयारी रहेको अवस्थामा चार हजार दुइसय उन्नतिस जना थियो।तर कोभिडेको कारणले हाम्रो यो सवै रोकिएको हुनाले अहिले हामीले धेरै बढाउन सकेनौं।२०.४ प्रतिशत गत आर्थिक बर्षमा भएकोमा यो आर्थिक बर्षमा ०७७/७८ सम्म आँउदा खेरी १८.४ प्रतिशत मात्रै हामीले घटाएका छौं।करिव दुई प्रतिशत घटाउन हामी सफल भएका छौं।लमजुङमा त्यति खेर १६.८ प्रतिशत थियो अहिले हामीले १४.८ प्रतिशतमा झार्ने अनुमान गरेका छौं।हलको गरिविको दर त्यति छ।तनँहुमा १४.८ प्रतिशत भएकोमा अहिले १२.८ प्रतिशतमा झार्ने स्थिति रहेको छ।स्याङ्जामा ११.८ प्रतिशत थियो अहिले ९.८ हुन्छ, मनाङमा ०६८ को जनसंख्या छ हजार पाँचसय अठतिस जना ०७६/७७ को प्रत्यक्ष जनसंख्या छ हजार आठसय गरिविको प्रतिशत ३६.९ त्यसपछी गरिविको अनुमानित जनसंख्या दूईहजार पाँचसय नौ त्यसमा माथि उठाउने भनेको एकसय छत्तिस जना अहिले उठाउने एकसय दुई जना र अहिले ३४ दशमलबमा नै प्रतिशतमा रहन्छ दुई प्रतिशत जति घट्छ भन्ने अनुमान छ हाम्रो।मूस्ताङमा तेह्र हजार चारसय त्रिपन्न जनसंख्यामा चालिस प्रतिशत जनसंख्या गरिविको रेखामुनि छन।त्यसमा गत बर्ष हामीले पाँचहजार पाँचसय छ्यानब्बे जनालाइ हामिले गरिविको जनसंख्या यति हुन्छ भनेको त्यसमा हामीले माथि उठाउने जनसंख्या दुइसय असी हुन्छ भनेको अहिले दुइसय दश त्यसकारण चालिस

प्रतिशतबाट अठतिस प्रतिशतमा झरेको,म्याग्दी जिल्लाको २८.६ प्रतिशत गरिविको रेखामुनि ०७६/७७मा अहिले ०७७/७८ मा आँउदा खेरी त्यसको छब्बीस दशमलब आठ त्यस्तै पर्वतको १२.७ मा १०.७,बाग्लुङमा २२.९ प्रतिशतमा हामीले २०.९दुई प्रतिशतले हामीले घट्ने यसपटक हामीले अनुमान गरेका छौं। नवलपुरको १७.० प्रतिशत गरिविको प्रतिशत भएकोमा अब १५ प्रतिशतमा झर्ने कुल गण्डकी प्रदेशको त्यो बेलाको जनसंख्याको प्रक्षेपण चौविस लाख तिन हजार सातसय एकसठ्ठीमा गएको बर्ष उनपचास हजार नौसय अन्ठानब्बे यो बर्ष सैंतिस हजार चारसय अन्ठानब्बे घटाउने अनुमान गरेको र यो चौध दशमलब नौ प्रतिशतको गरिविको रेखामुनि भएको जनसंख्या घटेर दुइ प्रतिशत घटेर १२.९ प्रतिशतमा झर्ने कुरा म यहाँहरु समक्ष जानकारी गराउन चाहान्छु। यति कुरा राखेर मूद्रा स्फितिको थोरै कुरा बंगलादेशको २०२० मा ५.५,भुटानको ३.१ भारतको ३.३ त्यसले हामीलाई असर पार्यो। बंगलादेशको ५.५ पनि हामीलाइ असर पार्यो किनभने बंगलादेशबाट हामीले सामानहरु ल्याइराखेका हुन्छौं। नेपालको ६.७,श्रीलंङ्काको ४.८ यसमा मूद्रा स्फितिको हिसाबले यसमा सबभन्दा बढी भएको पाकिस्तान ११ प्रतिशत नेपाल दोस्रो र बंगलादेश तेस्रो रहेको थियो। यसले हाम्रो अन्तराष्ट्रिय बजारको कारणले मूल्यदर बढ्ने कुरामा प्रभाव पारेको कुरा जनकारी गराउन चाहान्छु। २०२१ को प्रक्षेपण एशियाली बिकास बैंक र विश्व बैंकको प्रक्षेपण के छ भने हाम्रो बंगलादेशमा १.६ प्रतिशत रहन्छ बृद्धिदर भुटानमा १.८ भारतमा ५.४ माल्दिप्समा ९.५,नेपालको ०.६,श्रीलङ्काको ३.३,अफगानिस्थानको २.५,पाकिस्तानको ०.५ दक्षिण एशिया भरी ४.५ प्रतिशत हुँदा हाम्रो ०.६ मात्र रहन्छ भन्ने अनुमान गरेको छ। गण्डकी प्रदेशको २.२९प्रतिशत रहन्छ भन्ने हामीले अनुमान गरेका छौं। एकासीमा आँउदा हाम्रो २०२१ मा हाम्रो एशियाली विकास बैंकले प्रक्षेपण गरेको के छ भने नेपालमा १.५ प्रतिशत आर्थिक बृद्धिदर मात्र हुन्छ यो बर्ष भन्ने अनुमान गरेको छ। यो सबै स्थितिले गर्दा खेरी हामीलाइ अहिले चाँही यो मूल्य बृद्धि हुनुमा, बेरोजगारी समस्या हल नहुनुमा यो कोभिडको कारणले त्यसले अन्तराष्ट्रिय बजारमा पारेको प्रभाव हाम्रो

मूद्राको क्रयशक्तिमा आएको ह्रास अमेरिकी मुद्रा शक्तिशाली भएको कारणले पनि प्रभाव पर्न गएको जानकारी गराउन चाहन्छु। अन्तिममा हामी यो सभामा छौं यो सभामा उठेका केहि बिषयहरु साझा संकल्प बारेमा उठेका प्रश्नको उत्तर दिने अनुमति चाहान्छु। सभामुख महोदय,चालु आर्थिक वर्ष २०७७/७८को लागि सम्मानित प्रदेश सभाबाट रु चौंतिस अर्व चौरासी करोड एक्काइस लाख साठी हजार बजेट स्विकृत भएकोमा पौष मसान्त सम्म पाँच अर्व सत्ताइस करोड छ लाख एक्काउन्न हजार खर्च भएको कुल बिनियोजित रकमको पन्ध्र दशमलब तिन दुइ प्रतिशत हो। यसमा चालु तर्फ १३.७७ प्रतिशत पुँजिगत तर्फ १६.४०१ प्रतिशत हो। कोभिड १९ शुरु भएको बेलामा हाम्रो के थियो भने चैत्रको ८ गते हामीले प्रक्षेपण गर्दा खेरी हाम्रो ११प्रतिशत मात्र खर्च भएको थियो त्यो बेला पनि हामीले ६५ प्रतिशत पुर्याएका थियौं। एकहत्तर प्रतिशत पुर्याएका थियौं। अहिले १६.४१ प्रतिशत खर्च भैसकेको हुनाले अहिले जिल्ला जिल्लामा हामीले खासगरी पुँजिगत खर्च गर्ने सञ्चालन गर्ने त्यो कार्यक्रम सञ्चालन गर्ने कार्यालयहरु पुर्वाधारका कार्यालयहरु चारवटा भएकोमा हामीले एघारवटै जिल्लामा स्थापना गरेका छौं खानेपानी कार्यालयहरु एघार वटै जिल्लामा स्थापना गरेका छौं पहिला चारवटा जिल्लामा मात्रै थियो। त्यस्तै प्रकारले कृषि ज्ञान केन्द्र जो सातवटा जिल्लामा थियो अहिले एघार वटै जिल्लामा पुर्याएका छौं। पाँचवटा जिल्लामा भएको कृषि विज्ञान केन्द्र सातवटामा भएकोमा अहिले एघार वटा जिल्लामा नै गरेका छौं। अरु विकास निर्माणसँग जोडिएका अड्डाहरु स्थापना भइसकेका हुनाले यस वर्ष हाम्रो बजेटको खर्च धेरै हुन्छ किनभने त्यही अनुसार जनशक्ति व्यवस्थापन गरेका छौं। यद्यपि हामीले जनसंख्या बढाएका छैनौं। हामीले प्राप्त स्विकृत जुन दरबन्दिको हो त्यही मेनपावर पनि हामीले मिलान गरेर विन्यास गरेर हामिले चारवटा जिल्लामा काम गरेकालाइ एघार वटा जिल्लामा विन्यास गरेका छौं। त्यसैले थोरै थोरै प्रशासनिक खर्च बाहेक एकजना प्रशासनिक कर्मचारी ड्राइभरहरु एक दुइ जना बढ्ने कार्यालय सहयोगी एक दुइ जना बढ्ने बाहेक हाम्रो प्राविधिक तर्फको कर्मचारी नबढाएको यसमा फजुल खर्च नहुने स्थिति देखिएको त्यो जुन ढंगले खर्च बृद्धि गर्न

सक्छौं पुँजिगत खर्च यसले हाम्रो अर्थतन्त्रमा पार्ने सकारात्मक असरलाइ धेरै आशाको नजरले हेरेका छौं। आर्थिक बर्षको पहिलो चौमासिकमा योजना कार्यान्वयनमा गर्नु पर्ने पुर्व तयारीका कारण कार्यबिधि खासगरी प्रथम चौमासिक भित्र गतवर्ष पनि हाम्रो नीति कार्यक्रममा बोलेका कुरा हाम्रो अर्थमन्त्रीले प्रतिबद्धता जनाउनु भएको बिषय के थियो भने सरकारको तर्फबाट यो आर्थिक बर्षको पहिलो चौमासिक साउन भदौ असोज कात्तिक यो पहिलो चौमासिक भित्र हामिले आयोजना र कार्यक्रम कार्यन्वयनका लागि गर्नु पर्ने पुर्व तयारीका विषयहरु कार्यबिधिहरु तयार गर्ने,मापदण्डहरु तयार गर्ने,डिटेल प्रोजेक्ट रिपोर्ट तयार गर्ने ठेक्का बन्दोबस्तीका कामहरु सम्पन्न गर्ने र बाँकी दुइटा दोस्रो तेस्रो चौमासिक हुन्छ दोस्रो चौमासिकमा मेसिबली इन्टेनसिवली बजेट कार्यक्रमहरु कार्यान्वयन गर्ने स्थिति बन्यो भने नाइन्टि प्रतिशत भन्दा बढि खर्च गर्न सक्छौं लक्ष्य अनुरुप खर्च हुने कुरा पनि म यहाँ बिश्वास दिलाउन चाहान्छु।कोरानाबाट प्रभावित कृषि,पर्यटन उद्योग यातायात निर्माण क्षेत्र लगायत उद्योग व्यवसायलाइ जिवन्त र गतिशिल बनाउनको लागि जिवन रक्षा कोष इन्टरप्राइजेज सरभाइवल फन्डको व्यवस्थापन गरिएकोमा प्राबिधिक क्षेत्रको पहिचान र वर्गिकरण कोषको कार्यबिधि स्विकृत भैसकेको छ।यो कार्यबिधि निर्माण गर्न हामिलाइ तिन चार महिना लाग्यो यो आश्चर्य कुरा पनि हो फेरी हामीले धेरै बैंकहरु सँग छलफल गर्नु पर्यो राष्ट्र बैंकसँग छलफल गर्नुपर्यो सम्वन्धित सबै तहको जस्तो अहिले हामीलाइ मुख्यमन्त्रि कार्यालयमा निवेदन हालेको छ।सहयोगको लागि सवै व्यवसाय,सवै तह, क्षेत्र, तप्का सँग हामीले छलफल चलाएर एउटा कार्यबिधि तयार गरेका छौं।स्विकृत कार्यबिधि अनुरुप नेपाल राष्ट्र बैंकसँग आजै समझदारी पत्रमा हस्ताक्षर हुन्छ किनभने यो कार्यन्वयन अनुगमन उसको हो।बाणिज्य बैंकहरुलाइ नियमन गर्ने अनुगमन गर्ने कामहरु पर्छ।प्रदेशका सबै वाणिज्य बैंकका शाखाहरु मार्फत प्रभावित उद्यमी व्यवसायीहरुलाइ शुन्य ब्याजदरमा ऋण प्रवाह गर्ने व्यहोरा जानकारी गराउन चाहन्छु।मैले अघिनै यो कुरा उल्लेख गरिसकेको छु। सभामुख महोदय,नेपालमा कोभिड १९ पुष्टि हुनासाथ गण्डकी प्रदेश सरकारले पुर्व तयारी शुरु गरिएकोमा सो रोगको

संक्रमण रोकथाम नियन्त्रण उपचारका लागि आवश्यक भौतिक पुर्वाधार प्रयोगशाला अनुभवी स्वास्थ्य जनशक्ति औजार उपकरण तथा अन्य स्वास्थ्य सामग्रीको अभाब भएको अवस्थामा पहिलो पटक २०७६ साल चैत्र अठार गते बाग्लुङ जिल्लामा कोभिड १९ पुष्टि हुँदाखेरी देश प्रदेशमा त्रासको वातावरणको सृजना भएको थियो। गण्डकी प्रदेश सरकार सवै क्षेत्रका साथ सहयोगबाट यो परिस्थितिको सामना गर्ने संयन्त्रको साथ निरन्तर अगाडी बढेको व्यहोरा माननीय सभासदहरुलाइ अवगत नै छ। सरकारको सिमित श्रोत र साधनको अधिकतम प्रयोग गरि कोभिड १९ को संक्रमण रोकथाम,नियन्त्रण र उपचार गर्न मेरो संयोजकत्वमा गठित उच्चस्तरीय निर्देशन समिति त्यस्तै प्रकारले प्रदेश कोभिड १९ क्रायसेस मेनेजमेण्ट सेन्टर मन्त्रिस्तरीय  अनुगमन समन्वय र कोष व्यवस्थापन समितिहरु र अन्य विषयगत दशवटा समितिहरु समेत गठन गरी परिचालन गरिएको कारण पनि उच्च महामारिको नियन्त्रण तथा व्यवस्थापन कार्यलाइ सहज व्यवस्थित र प्रभावकारी  बनाउन मद्दत पुगेको व्यहोरा सम्मानित सभामा जानकारी गराउन चाहन्छु। कोभिड १९ संक्रमणको रोकथामको नियन्त्रण उपचारको लागि आर्थिक अभाव हुन नदिन प्रदेश सरकारको तिस करोड रुपैयाँबाट कोभिड १९ रोकथाम नियन्त्रण तथा उपचारका लागि कोषको स्थापना गरिएको थियो। त्यो कोषमा माननीय सभासद राष्ट्रसेवक कर्मचारी अन्य सहयोगी संस्थाहरु व्यक्तिहरुबाट रकम जम्मा भएको थियो करिब तिस करोड बाँकी चार करोड वरावर होला। मलाइ ठ्याक्कै एकिन थाहा भएन। चार करोड भन्दा बढि रकम हाम्रा बिभिन्न संघ संस्था,माननीय ज्यूहरु राष्ट्रसेवक कर्मचारीबाट उठेको सहयोगबाट जम्मा गरेको चौतिस करोड भन्दा बढि रकम यसमा हाम्रो कोषमा जम्मा भएको थियो। कोषबाट आवश्यक खाद्य सामग्रीहरु,औजार उपकरण खरिद,जनशक्ति परिचालन र आइसोलेशन निर्माण र पुर्वाधार विकास जस्ता विषयमा खर्च गरिदै आएको छ र यसमा स्मरणिय के छ भने तिब्बत एटनिमस रिजन गभरमेन्टबाट चार करोड बराबरको स्वास्थ्य सामग्री र उपकरणहरु उपलब्ध भएको सगौरव जानकारी गराउन चाहान्छु। गण्डकी प्रदेश सरकारमा संक्रमितहरुको उपचार व्यवस्थापन गर्न

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान,जिपी कोइराला श्वास प्रश्वास उपचार केन्द्र र धौलागिरी अस्पताल एवंम सवै जिल्ला अस्पतालहरु सामुदायिक तथा निजी क्षेत्रका स्वास्थ्य संस्थामा समेत गरि चालिस वटा आइसोलेसन केन्द्र यसमा हाम्रो गण्डकी प्रदेश संक्रामक तथा सरुवा रोग अस्पतालको नाम छुटेको छ त्यो अस्पताल सहित करिब करिब पन्ध्रसय शैयाको व्यवस्था गरि संक्रमितहरुको उपचार गरिएको ब्यहोरा जानकारी गराउन चाहान्छु। र सात वटा प्रदेश मध्ये संस्थागत आइसोलेशनमा बस्ने व्यवस्थापन गर्ने भएर व्यवस्थित भएर उपचार पाएको बिरामीहरुको तथ्याङ्क र अवस्था हेर्दा खेरी गण्डकी प्रदेशले संस्थागत आइसोलेसन व्यवस्थापनमा गण्डकी प्रदेश सबैभन्दा अगाडी रहेको व्यहोरा जानकारी गराउन चाहान्छु। गण्डकी प्रदेश भित्र यसको फैलावटलाइ नियन्त्रण गर्ने उद्देश्यले प्रदेशका मुख्य नाकाहरुमा हेल्प डेस्क स्थापना र सञ्चालन गरिएको। प्रदेशको सवै अस्पताल स्वास्थ्य केन्द्र र महत्वपूर्ण स्थानमा ज्वरो क्लिनिक स्थापना एवंम सञ्चालन गरिएको थियो। क्वारेन्टाइन व्यवस्थापनलाइ थप व्यवस्थित बनाउन स्थानिय तहलाइ क्वारेन्र्टाइनमा भएका व्यक्तिको खाना खर्च,क्वारेन्र्टाइन व्यवस्थापन खर्च,बिभिन्न स्वास्थ्य सामग्री एवंम उपकरणहरु उपलब्ध गराइएको थियो साथै प्रदेश सरकारले आफ्नै पहल र प्रयासमा प्रदेश स्तरिय क्वारेन्टाइन स्थापना गरेको व्यहोरा समेत स्मरण गराउन चाहान्छु। कोभिड १९ संक्रमणको रोकथाम तथा नियन्त्रणको लागि यो अस्ति मन्त्रीज्युले पनि भन्नु भयो मैले थप के भन्न चाहान्छु भने थप यसमा किन जोड दिएको हो भनेदेखि विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले तयार पारेका मापदण्ड र कार्यविधि समेतलाई आधार मानेर प्रदेश सरकारले बिभिन्न मापदण्ड एवंम कार्यबिधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको व्यहोरा जानकारी गराउन चाहन्छु। कोभिड १९ बाट प्रभावितलाइ राहत पुर्याउन प्रदेश सरकारले स्थानीय तथा जिल्ला संकट नियन्त्रण एवंम व्यवस्थापन समिति डिसीसीएमसी मार्फत सहयोग उपलब्ध गराइएको थियो। कोभिड १९ को उपचार रोकथाम र नियन्त्रणमा कार्यरत स्वास्थ्य कर्मिहरुलाइ स्वाव संकलन परिक्षण उपचार लगायतका बिषयमा दुइहजार एकसय सोह्र

जनालाइ तालिम प्रदान गरि जिल्ला जिल्लामा अस्पतालमा सञ्चालन गरिएको व्यहोरा जानकारी गराउन चाहान्छु। आम नागरिकलाइ कोभिड १९ सम्बन्धि सचेतनाको लागि सूचना तथा जानकारी प्रदान गर्न हेलो डाक्टर १०९२ सेवा, रेडियो टिभी ८६ वटा संञ्चार माध्यमबाट रेडियो टिभीबाट यसको प्रचार प्रसार जनचेतनामुलक कार्यक्रम सञ्चालन गरेको युटुब, चेतनामुलक दोहोरी गित, मोबाइल एप्स, वेभ पेज, दैनिक तथा साप्ताहिक समाचारपत्र दैनिक प्रेस विज्ञप्ती तथा वक्तव्य सामाजिक सञ्जाल उपयोग गर्ने गरिएको छ साथै आइसोलेसन केन्द्र र होम आइसोलेसनमा भएका तथ निको भएका बिरामीहरुलाइ मनो सामाजिक चिकित्सा शिक्षा परामर्श तथा चिकीत्सा परामर्श सहितको सेवा सञ्चालन गरेका छौं हामीले। पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान र प्रदेश जनस्वास्थ्य प्रयोगशाला धौलागिरी उप प्रादेशिक अस्पताल र नवलपुर जिल्ला अस्पतालमा समेत पिसीआरको मेशिन र अटो एक्सट्रक्सन मेशिन जडान गरि पिसीआरको परिक्षणको क्षमता बिस्तार गर्न लागिएको व्यहोरा जानकारी गराउन चाहान्छु। हालसम्म एकलाख चौविसहजार तिनसय वाइस जनाको पिसीआर परिक्षण भएको सो परिक्षण गण्डकी प्रदेशको कुल जनसंख्याको चौबिस लाख तिनहजार चारसय सन्ताउन्नको ५.१प्रतिशत रहेको छ। पिसीआर परिक्षण गरिएको मध्ये संक्रमितको संख्या पन्ध्र हजार एकसय चौंसठ्ठि रहेकोमा चौध हजार चारसय वयालिस व्यक्ति संक्रमण मुक्त भएका छन भने एकसय सन्तानब्बे जनाको उपचारको क्रममा दुखद निधन भएको जानकारी गराउन चाहन्छु। कोभिड १९ संक्रमणको निको हुने दर छिमेकी मुलुकहरुसँग तुलना गर्दा भारतमा १९.६ प्रतिशत, बंगलादेशमा १८.५ प्रतिशत, पाकिस्तानमा ७५.९ प्रतिशत, माल्दिभ्समा ९४ प्रतिशत, अफगानिस्तानमा ८४.२ प्रतिशत, श्रीलङ्कामा ८५.९ प्रतिशत देखिन्छ भने नेपालमा यो भन्दा बढी ९७.६ प्रतिशत रहेको व्यहोरा जानकारी गराउँछु। त्यसका कारणले पनि हाम्रो परिक्षण यो भन्दा बढि हाम्रो हिसाब गर्दाखेरी त्यो भन्दा अलि बढि देखिन्छ। यसै गरी प्रदेशगत रुपमा हेर्दा खेरी कोभिड १९ संक्रमणको निको हुने दर प्रदेश नं१ र नं२ कर्णाली प्रदेशमा ९९प्रतिशत रहेछ। बाग्मती प्रदेश

गण्डकी प्रदेश र सुदुर पश्चिम प्रदेशको ९८ प्रतिशत र लुम्बिनी प्रदेशको सन्तानब्बे प्रतिशत रहेको जानकारी गराउन चाहान्छु। पिसीआर परिक्षण क्षमताको तुलनामा हाल पिसिआर परिक्षणमा मापदण्ड बमोजिम परिक्षण गर्न आउने ब्यक्तिको संख्या उल्लेख्य रुपमा कम भएता पनि भविष्यमा हुन सक्ने उच्च संक्रमणको जोखिमलाई मध्यनजर गरि आवश्यकता अनुसार पिसीआर मेशिन यन्त्र उपकरण स्वास्थ्य सामग्री खरिद गरि पिसीआर परिक्षणको दायरा बढाँउदै लगिनेछ। हाम्रो अहिलेको संक्रमण दर मध्ये उल्लेख भएको यसरी हामि प्रदेश सभाले गर्नेछौं भन्ने एउटा प्रतिबद्धता जनाँउदै रहेको कुरा पनि जानकारी गराउन चाहन्छु। नयाँ प्रकृतिको कोभिड १९ भेरिएन्ट सँग सामना गर्न नेपाल सरकारसँग समन्वय गरि हाम्रो परिक्षण र उपचारको क्षमता अभिबृद्धि गरिदै लगिने छ। प्रदेश सरकार मातहतका सवै अस्पतालमा भेन्टिलेटर सहित सघन उपचार कक्षको स्थापना गरि सञ्चालन गर्ने कतिपय ठाँउमा सञ्चालन भैसकेको धेरै अस्पतालहरुमा बाँकी रहेको तर मेशिनहरु उपकरणहरु सवै जडान गर्ने काम चाँहि सम्पन्न लगभग भैसकेको खालि जनशक्ति व्यवस्थापन गरि त्यो सञ्चालन गर्ने काम बाँकी रहेको अक्सिजन प्लानट बाह्रवटै प्रदेशका अस्पतालमा राख्ने योजना बनेको सवै ठाँउको उपकरण खरिद गरिसकीएको आधा भन्दा बढी मलाइ अहिले नाम आँउदैन आधा भन्दा बढी अस्पतालहरुमा अक्सिजन प्लानट स्थापना गरि त्यसको उत्पादन भैसकेको त्यसले गर्दा हाम्रो एचडी अक्सिजनयुक्त बेडहरु सञ्चालन गर्ने कुरामा मद्दत पुगेको र अब बजारबाट ग्याँस सिलीण्डर भरेर ग्याँस ल्याउनु पर्ने स्थितिको अन्त्य भएको जानकारी गराउन चाहन्छु। कोभिड १९ संक्रमितहरुलाइ सकभर सरकारी अस्पतालमा निशुल्क उपचार व्यवस्था मिलाउन प्रदेश मातहतका अस्पतालहरुको क्षमता अभिबृद्धि गर्ने र निजी स्तरमा सञ्चालित अस्पतालहरुमा उपचार गराउने बिरामीहरुलाइ बढी व्यवहार बहन गर्न नपरोस भन्ने उद्देश्य लिइ अनुगमन तथा नियमन प्रकृयालाइ नियमित र प्रभावकारी बनाइ उपचारमा सहजता ल्याइने छ। यहाँ मैले एउटा के कुरा निवेदन गर्न चाहन्छु भने धेरै माननीयहरुले एकजना महिला छ वटा अस्पतालमा घुम्दा घुम्दै बाटैमा टेक्सीमा वितेको

कुरा स्मरणिय छ। एकदमै धेरै दुखद कुरा हो। तर हाम्रो यो प्रचार प्रसार अभाव भन्नुहोस या चाँही सरकारी अस्पताल प्रति बिरामीहरुको कम बिश्वास निजी अस्पतालमा बढी बिश्वास ति महिलाहरु घुम्दै घुम्दै ति महिला घुम्दै घुम्दै लिएर गएर मनिपालमा गएपछि उसले एकलाख पच्चीस हजार लाग्छ भर्ना गर्न भन्यो उसँग बिस पच्चीस हजार भन्दा बढी थिएन, त्यहाँबाट फर्किदै गर्दा खेरी बाटैमा टेक्सीमा ति महिलाको मृत्यु भयो। त्यो दिन पश्चिमाञ्चल क्षेत्रीय अस्पताल गण्डकीमा आइसोलेशन र कृटिकल वार्डहरु खाली थिएकी थिएन भनेर सोधे त्यहाँ खाली थियो। हाम्रो सरुवा रोग अस्पतालमा पुरै खाली थियो। पचास वटामा तिनवटा बेड मात्रै भरिएको थियो। सतचालीस वटा बेडहरु खाली रहेछ त्यो दिनमा तर ति विरामी सरकारी अस्पतालमा गएनन त्यसैले यो कहिन कहि यो ग्याप पनि छ हाम्रो त्यो एउटा ठूलो कथा बन्यो। हामीलाइ ठूलो चिन्ता पनि लाग्यो हाम्रो नागरिकहरु भौतारिदै भौतारिदै मरिराखेको स्थिति छ। माननीय जीले बिरामीको पनि जोड्नु भएको छ प्रसङ्ग शुरुको दिनमा कस्तो सम्म भयो भने देखि स्वास्थ्य क्षेत्रका कर्मचारी यति धेरै आतंकित खासगरिकन उपल्लो दर्जाका कर्मचारी बिरामी चाँही उपचार गर्नै नपरोस कोभिडको बिरामी आँउदै नआओस कुनै न कुनै बहानामा त्यसलाइ छेक्ने त्यस्तो स्थिति हामीले एक महिना व्योहर्नु पर्यो। संघीय सरकारको मातहातमा सञ्चालन भएको अस्पतालको कारणले गर्दा खेरी हाम्रा कतिपय समन्वयका कुराहरुलाइ उनिहरुले नजरअन्दाज गर्यो। हाम्रो निर्देशन उसले पालना गरेन। बिभिन्न बहाना बाजी गरेर हामीलाइ असहयोग गर्ने काम जारी रह्यो। यहाँ अस्पताल त्यो थियो। प्रदेशको आफ्नै अस्पताल यहाँ थिएन। हाम्रो मातृशिशु अस्पताल थियो एउटा तर त्यो मातृशिशु अस्पतालमा साना साना बच्चाहरुको पनि त्यहाँ न्यून वर्न वेवीको इन्टेन्टिभ केयरिङ भएको कारणले सुत्केरी महिलाको अस्पताल भएको हुनाले त्यहाँ संक्रमण फैलिने डरले त्यसमा कोभिडको उपचार नै नगराउने शुरुमा हामीले निर्णय गरेको कारणले गर्दा खेरि सरकारी अस्पताल थिएन यहाँ भएको त्यो एउटा अस्पताल थियो त्यसले समन्वय,सहयोग गरेन त्यसले गर्दा हामीलाइ यो समस्या भयो। तर हामीले पछि सामुदायिक अस्पताललाइ गण्डकी प्रदेशमा

हस्तान्तरण गरेर त्यसलाइ हामीले सञ्चालन गर्न थालेपछि त्यहाँ नभएको कुरा पनि मान्छेले हेर्छ डाक्टर मेडिकल डाक्टर छ कि छैन भगवान कोइराला जस्तो छ कि छैन या बसन्त पन्त जस्तो छ कि छैन यस्ता हेरेर त्यो अस्पताल नजाने काम गर्दो रहेछ हाम्रो जनताहरुले कोभिडको त कुनै अप्रेशनको कुरा थिएन ट्याबलेटहरु या क्याप्सुलहरु दिने कुरा थिएन खाली त्यो सेवाको कुरा थियो तातो बनाइ राख्ने कुरा थियो नर्सिङको कुरा मात्रै थियो त्यसको यो कुरालाइ पनि हामीले नबुझिकन जनताहरुलाइ ति कुराहरु सम्झाउन नसकेको हुनाले हामीले धेरै कुराको म्यानेज गर्न सकेनौं। हामीले त्यत्रो प्रयत्न गर्दा खेरि पछि पछि हाम्रो सवै डक्टरहरु तल्लो तहका स्वास्थ्यकर्मीले यति धेरै दुख गरे दुख पनि पाइराखेको छ, दुख पनि गरिराखेको छ, ज्यान जोखिममा राखेर कोभिड लागिराखेको छ सरिराखेको छ र पनि उनिहरुले ज्यानलाइ हत्केलामा राखेर काम गरे तर हामी सवैको तारो आलोचना उनिहरु माथि गर्ने कुरा बन्यो। यस्तो परिस्थिति भएकोले माननीयजिहरुले यहाँ राख्दा खेरि अलि संवेदनशिल भएर कुरा राखिदिनु होला। यो सवै हाम्रो मनोबैज्ञानिक स्थिति के छ भने नेपाली समाजको हाम्रो प्रभाव के छ यो भन्दा अगाडी मानौं यो गण्डकी प्रदेश सरकार स्थापना भएदेखि हामीले केहि नगरे जस्तो यहाँ जुन खालको कुराहरु आयो त्यस्तो होइन होला। हामी कुन ठाँउमा थियौं स्वास्थ्यको हिसाबले हाम्रो संरचनाहरु एकदम न्यून स्तरमा थियो हाम्रो पन्ध्र बिस बेड सञ्चालन गरेका जिल्ला अस्पतालहरु थिए हाम्रा। हाम्रो एमडी डाक्टर एमडी पास गरेको एमविविएस पास गरेको विषयगत डाक्टर नै छैन त्यहाँ पर्याप्त जनशक्ति छैन त्यहाँ उपकरणहरु उहिल्यै उहिल्यैको उपकरणहरु छ। डिजीटल एक्सरे मेशिन नभएर पुरानो खालको उन्नाइसौं शताब्दिको एक्सरे मेशिन छन अहिले पनि। समयमा त्यसले काम दिन सक्दैन थियो। जनशक्तिको अव्यावस्थापन थियो,अपर्याप्तता थियो। श्रोत र साधन केहि पनि थिएन। अस्पतालमा एउटा एम्बुलेन्स गाडी त छैन, थिएन। हामी आँउदा खेरि त्यस्तो अभावै अभावको बिच न्यूनता न्यूनताको बिच हामीले यत्तिको व्यवस्थापन धेरै सम्वेदनशिल भएर गरेको हुनाले मैले फेरि आफ्नो सरकारको प्रशंसा बचाउ गर्न खोजेको

हैन आजको बास्ताबिकता यहि हो भन्न खोजेको यद्यपि यसो गर्दा पनि हामीले धेरै दुख गर्दा पनि जनताले चाहेको जस्तो यहाँहरुले सोचेको जस्तो हुन सकेन,यसमा म आफ्नो कमजोरी भन्दा पनि नसकिएको कुरा जानकारी गराउन चाहान्छु।हामि कुन ठाँउमा थियौं।हामी कुन पोलिसीमा थियौं। मैले अघिल्लो पटक पनि भने त्यस्ता देशहरु पनि थिए चिन सवभन्दा सफल भयो। यसमा यसको असि हजार भन्दा बढि बढेन जहाँ शुरुको दोस्रो तेस्रो हप्तामा नै यसको छयत्तर हजार पुगेको थियो।उसले त्यहि नियन्त्रण गर्न सक्यो उ त्यहाँ कोभिडको सामान उत्पादनबाट अन्तराष्ट्रिय मार्केट उस्काइ रहेछ प्रक्षेपण गरिसक्यो। विश्व बैंकले आठ प्रतिशत भन्दा बढि उसको आर्थिक बृद्धिदर हुन्छ भनेर उसले यहाँबाट सिकेर यसलाइ नियन्त्रण गरि त्यत्रो धेरै गरिसक्यो। राज्य बलियो थियो,त्यहाँ संरचनाहरु बलियो थियो।अघि कुन चाँही माननीयले भन्नुभयो तिन दिनमा कति हजार मान्छे उपचार गर्ने अस्पताल बनाएको होइन दुइ तिन दिनमै त्यति धेरै उनीहरुको इच्छा शक्ति छ।हामी त हाम्रो इच्छा शक्तिमा विभाजन छ।हाम्रो संकल्प बिभाजित छ।त्यसैले हामी...सामु उभिएर जस लिने काम मात्र गर्छौं,सामुदायिक वाइ वाइका लागि।यो पब्लिक कन्जम्पसनको बिषय होइन।यो मानब जिवनलाइ बचाउने बिषय थियो।जनतालाइ हामिले निश्चितता दिने विषय थियो।त्यसकारणले यो बिषयमा हाम्रो मुलुकमा दुखका साथ भन्नुपर्छ मेरो आफ्नै पार्टिबाट बिरोध भयो।प्रतिपक्षले भन्दा पनि केहि गरेन यत्रो महामारी छ,महामारीको बिषयमा कहिल्यै छलफल हुदैन।हामी कस्तो खालको पार्टि चलाँउदै छौं।कस्तो खालको सिस्टममा छौं हामी सबैले समिक्षा गरौं।सबै पार्टि भित्र यो समस्या छ।त्यसकारण आज हामी जे समस्या भोगिराखेका छौं राजनैतिक रुपमा यहाँ कहिं न कहिं बिधिको व्यवस्थापन कहिं न कहिं संरचनाको व्वस्थापन कहिं न कहिं नितीगत व्यवस्थापनले कहिं न कहिं चुकिरहेकै छौं।त्यसकारणले मैले अघिल्लो बैठकमा भनेको थिए तपाँइहरु सामु नेपालमा सँधै बदलाव भावको राजनिती किन चलिरहन्छ? बदलाको राजनितीको अन्त्य गर्न के गर्नुपर्छ? हामीले बिधिवत रुपमा वैधानिक व्यवस्था कस्तो गर्नुपर्नेछ? संरचनागत व्यवस्था कस्तो गर्नुपर्ने? हाम्रो निती

कस्तो हुनुपर्ने सवैले वुझ्नुपर्ने? यो प्रदेश सभामा उपस्थित भएका सबै राजनैतिक दलले यो समस्या व्योहोरेर आएका छौं हामी। बारम्बार यो समस्या दोहोरिन नदिन के गर्नु पर्ला हाम्रो साइकोलोजिमा कहाँ समस्या छ।हाम्रो संसदिय संस्कारमा कहाँ समस्या छ।हाम्रो संगठानात्मक व्वस्थापनमा कहाँनेर समस्या छ।पक्कै पनि छ नी।त्यसकारणले कान्तिपुर टिभीको फायर साइडको कार्यक्रममा भनेको थिए।अब एकपटक वा दुइपटक अध्यक्ष वा फस्ट मेन भएकाहरुलाइ कुनै महत्वपुर्ण पदमा बसेकाहरुलाइ दुइ ठाँउमा नल्याउने कार्यकारिणी पदमा नलाने हाउस अफ कमन जस्तो भेट्रान्स कल्ब जस्तो बनाएर त्यसमा राख्ने,मनिटरिङ पर्याप्त दिने। सम्मान पर्याप्त दिने हरेक दिनको पार्टीको प्रशिक्षणमा डिस्ट्रभेन्स इन्टरभेन्स गर्न नहुने ठाँउमा पुर्याइदिन पर्छ त्यसो भयो भने म ठूलो त ठुलो भन्ने कम होला यो सबैले सोच्नुपर्ने बिषय हो। हामीले बहस छलफलमा त्यहि कुरा उठाइरहेछौं त्यसमा सोच्नु पर्छ जस्तो लाग्छ मलाइ।अब यसैमा प्रदेश सरकारले स्थापना गरेको संक्रामक तथा सरुवा रोग अस्पतालमा भेन्टिलेटर सेवा सहित पच्चिस शैयाको सघन कक्ष उपचार अहिले पाँच शैयाको छ।त्यसलाई पच्चिस शैयाको सघन उपचार कक्षमा बिस्तार गर्ने यो जुन हाम्रो साझा संकल्प थियो,यो साझा संकल्पलाइ म/हामी संकल्प प्रतिवद्ध भएर के जाहेर गर्न खोजेको छु भने म मूख्यमन्त्रीको तर्फबाट प्रदेश सभाबाट भने संक्रामक तथा सरुवा रोग अस्पतालको भेन्टिलेटर सेवा सहितको पच्चिस शैयाको आइसियु बैडहरु होस त्यहाँ हामी गर्ने हो त्यो गरिएन भने कोभिडको नयाँ नयाँ भेरिएन्टको कोभिड भनेको अचम्मको रोग छ हैन? यसको रुप फेरिरहने,यसको गुण फेरिरहने, यसको चरित्र फेरिरहने बिभिन्न रुपमा आउने भएको हुनाले त्यसको समस्या भोग्ने माननीयहरुको चिन्ता जे जाहेर गर्नु भाछ हामी सवैले संकल्प के गर्यौं।यो गण्डकी प्रदेश सभाले गरेको यो साझा संकल्पलाइ कार्यान्वयन गर्ने कुरामा गण्डकी प्रदेश सरकार दृढ संकल्पित छ। यहि कुरा म यहाँहरु समक्ष प्रतिवद्धता जाहेर गर्न चाहान्छु र पच्चिस शैयाको उच्च क्षमताको अक्सिजन प्रवाह गर्ने अहिले तिस शैयाको अक्सिजन प्रवाह गर्ने सेवा संचालन भैसकेको थियो।संचालन भैसकेको छ।अस्ति म हेर्न

जाँदा पनि अहिले हामी अक्सिजन प्लानट स्थापना भएको छैन तर त्यहाँ अक्सिजन ग्याँस ल्याएर एउटा कोठाबाट पुरै सप्लाइ गरेर पच्चिस शैयाको एचडि युनिट स्थापना गरेका छौं। यस्तै एचडि युनिट लमजुङ अस्पतालमा,बाग्लुङ उप प्रादेशिक अस्पतालमा, त्यस्तै स्याङ्जा बिस्तारै सबै ठाँउमा लगेर हामीले श्वास प्रश्वासका रोगीहरु समस्या भयो भने उपचार गर्ने सेवा सञ्चालन गर्न लागेका छौं। यो अस्पताललाइ हाम्रो पचास शैयाको अस्पतालले चलिरहेकै छ साविक अस्पतालमा नयाँ बिल्डीङ बनाँउदै छौं सय बेडको र त्यो सय बेडको निर्माणका लागि अहिले पचास बेडको बिल्डीङ बनाउनको लागि छव्विस करोड रुपैयाँ नेपाल सरकारबाट प्रदान भैसकेको र हामीले त्यो जग्गा हेरेर शिलान्यास गर्ने क्रममा रहेको निर्माण गर्ने क्रममा छौं तेहि अस्पतालको हाता भित्र हामी प्रदेश स्तरको अर्को ल्याब स्थापना गर्ने काम पनि शुरु भैसकेको र त्यसको लागि पनि पाच करोड रकम प्राप्त भएको ब्यहोरा जानकारी गराउन चाहान्छु। कोभिड १९ बिरुद्धको खोपको कुरा छ अब खोपको लागि नेपाल सरकारले हामिलाइ के भनेको छ भने तिमीले जथाभावि खोप किन्ने कुरा नगर अहिले पहिले नेपाल सरकारले गभरमेन्ट खोप किन्छ गभरमेन्ट प्रदेश प्रदेशमा हामीले जे मापदण्ड बनाएका छौं त्यहि आधारमा हामीले खोप पठाउँछौ। त्यसको लागि तपाँइहरुले खोपको भण्डारणको लागि त्यसको सहि व्यवस्थापनको लागि जग्गा खोज्नुहोस पहिलो प्राथामिकता हामीले प्रदेशको अस्पतालको हाता भित्र बनाउने छ। दोस्रो हाम्रो स्वास्थ्य बिज्ञान प्रतिष्ठान संघको अस्पताल परिसर हाता भित्र भएन भने तेस्रो त्यो पनि भएन भने सेनाको अस्पतालमा त्यहि अनुसार बनाउने यो बनाउने जिम्मा हामीले सेनालाई दिएका छौं भनेर उहाँले भन्नु भएको छ। त्यसकारण हामीले अहिले पश्चिमाञ्चल अस्पतालको हाता भित्र त्यो जग्गा उपलब्ध गराइदिनु उपलब्ध हामी गराउछौं यसै भित्र वनाउनु पर्छ भनी त्यसको स्विकृति दिनु होला भनेर हामीले संघमा पठाएका छौं तर सेनाले अस्ति आएर सेनाले बनाउने कुरा कानी गर्या छ त्यसमा केहि केहि कुराहरुमा अस्पष्टता उत्पन्न भएको छ। त्यसकारण त्यो बनाउने कुरा भ्याक्सिनेशन ल्याएर राख्नु पर्यो,त्यसको भण्डारण गर्नुपर्यो त्यसको चिस्याउनु पर्ने होला

कति माइनस कति डिग्री सेल्सियसको खोप ल्याँउछौं हामि खोपको बिभिन्न देशको बिभिन्न प्रकारका खोपहरु छन। कोहि माइनस ८० डिग्री सेल्सियसमा राख्नुपर्ने कोहि माइनस ५डिग्री कोहि माइनस ५० डिग्रीमा कोहि माइनस १५ डिग्रीमा माइनस ३० डिग्रीमा राख्नुपर्ने छन त्यो हामिले जुन खालको खोप किन्छौं खरिद गर्छौं खोप कुन प्रकृतिको हो त्यहि अनुसार यहाँ ल्याब बनाउनु पर्ने हुन्छ। त्यसको पनि तयारी भैसकेको छ। अब निर्माण गर्ने क्रममा पनि छौं। कोभिड १९ को नियन्त्रण,रोकथाम र उपचारमा जस्तो कोभिड १९बिरुद्धको खोपको प्रयोगमा पनि माननीय सभासद, स्थानिय जनप्रतिनिधि,सामुदायिक संघ संस्था,निजी क्षेत्र र सर्वसाधारण समेतबाट आवश्यक सहयोग मिल्नेछ भन्ने बिश्वास लिएको छु। हामीले तेह्रवटा बुँदामा जे सहमति जे साझा संकल्प छ त्यो तेह्रवटा बुँदामा उल्लेखित भएका सवै हाम्रो संकल्प प्रदेश सभाको संकल्पलाइ संकल्पको कार्यन्वयनमा गण्डकी प्रदेश सरकारले आफ्नो श्रोत साधन क्षमता अधिकतम रुपमा प्रयोग गरेर यसलाइ कार्यन्वयन गर्ने र मानव समुदायको मानव जातिको एउटा शत्रुको रुपमा उपस्थित भएको यो कोभिड १९ महामारी छ त्यसलाइ हामीले जित्नु पर्ने छ। हामीले नियन्त्रण गर्नु पर्नेछ। म यहाँ के निवेदन गर्न चाहान्छु भने हामीहरु संकल्प पनि गरौं यो संकल्प भित्र अर्को संकल्प के गरौं भने म प्रस्तावित गर्न चाहान्छु। सन २०२१ लाइ कोभिड नियन्त्रण गर्ने बर्षको रुपमा कोभिडलाइ जित्ने बर्षको रुपमा गण्डकी प्रदेश सभाले संकल्प गरेको छ। त्यसलाइ कार्यन्वयन गर्न गण्डकी प्रदेश सरकार प्रतिवद्ध छ भन्ने कुरा हामी यहाँ पास गर्नुपर्छ। त्यो अभियानका साथ लागियो भने हामीले गण्डकी प्रदेशको कोभिडलाइ जित्न पर्ने छ। जाँदा जाँदै म के कुरा भन्न चाहान्छु भने लडाँइ शुरु भयो दोस्रो बिश्व युद्ध नेविल असफल भयो उसको पोलिसी असफल भयो लडाँइ लड्नको लागि महारानीले विस्टन चर्चिललाइ प्रधानमन्त्री नियुक्त गरिन। प्रधानमन्त्रीमा नियुक्त भैसकेपछि यो लडाँइको बिचमा विस्टन चर्चिलले संसद सामु उभिएर भने सवै दलको प्रतिनिधित्व गरेर त्यो दलको प्रतिनिधिको रुपमा अहिले हामि के गर्दैछौं हामि अनुगमन समिति बनाँउदैछौं। त्यो अनुगमन समितिले प्रभावकारी ढंगबाट काम गरोस तपाँइले देख्नु

भएको हामिले गरेको हामीले भनिरहेको तपाँइले सोचिरहेको जहाँ मेल छैन त्यो कहाँ के भैराखेको रहेछ भन्ने थाहा पाउनु हुन्छ।सरकारको तर्फबाट जनशक्तिको कमिको कारणले कमजोरी भएको छ की या हाम्रो संरचना अपर्याप्त भएर भएको हो की या उपकरणहरु नपुगेर भएको हो की सरकारले ठूलो काम गरेर ठूला कुरा गर्ने थोरै काम गरेर भएको हो की सवै चिजको यथार्थ विवरण पक्कै पनि गण्डकी प्रदेश सभामा प्रस्तुत हुनेछ समिति त्यसकारण त्यो समितिको कामबाट पनि प्रदेश सरकारले यो हाम्रो साझा संकल्प छ। यो संकल्प सञ्चालन गर्ने कुरामा कार्यान्वयन गर्ने कुरामा प्रदेश सरकारबाट कहिं कमि कमजोरी भएको छ भने कमि कमजोरी विना पूर्वाग्राह देखाउने छ त्यसले हामीलाइ यो कोभिड १९ जित्ने कुरामा महत्वपूर्ण भुमिका निर्वाह गर्ने छ त्यो कामको लागि अनुगमन समिति सर्वपक्षिय सर्वदलिय अनुगमन समितिलाइ सफलताको शुभकामना पनि व्यक्त गर्न चाहान्छु।र चर्चिलले के भन्नु भएको रहेछ अन्त्यमा आइ हेभ नथिङ टु अफर वट स्विट भन्या छ।मैले यो ग्रेट ब्रिटेनको प्रधानमन्त्री भएर युनाइटेड किङ्डमको प्रधानमन्त्री भएर दिनु केहि पनि छैन।खालि मैले तपाँइहरुलाइ के भनेको छु भने रगत दिनुपरे तयार हुनुहोस भनेर सवैलाइ भनेको छु म तयार छु भने जस्तो खालको कठिनाइ परेपनि जस्तो खालको परिश्रम गर्नु परेपनि भ तयार छु भनिराखेको छु।हामी सवै तयार हुनुपर्छ भनिरहेछु।आँसु बगाउन परे पनि तयार छु भनेको छु पसिना बगाउन परे पनि तयार छु भनिरहेछु किनभने फर विदाउट भिक्ट्रि यो दोस्रो बिश्व युद्धमा जित्न बाहेक देयर इज नो सरभाइभ जित भएन भने हामी बाँच्न सक्दैनौ।फर विदाउट भिक्ट्रि देयर इज नो सरभाइभल हाम्रो यो पनि लागु हुन्छ त्यसकारण म यो विस्टन चर्चिलको भनाइलाइ सापटि लिएर म के भन्न चहान्छु भने गण्डकी प्रोभिन्स गभरमेन्ट हेज नथिङ टु बट बट त्यहि हो। हामीले रगत बगाउन परे रगत बगाउने,परिश्रम गर्नु परे कठिनाइ सामना गर्नु परे कठिनाइ सामना गर्ने,आँसु बगाएर रगत बगाएर पसिना बगाएर सवै त्याग तपस्या गरेर यो कोभिडलाइ जित्ने काम गरौं।विदाउट भिक्ट्रि ओभर कोभिड देयर इज नो सरभाइभल फर मेन काइन्ड यो मानब जातिको सुरक्षाको कुराबाट बच्ने कुरा छैन

यसले महामारी फैलियो भने सकिन्छ संसार त्यसकारणले संसारको एउटा भाग हुनका नाताले नेपाल, नेपालको एउटा भाग हुनका नाताले गण्डकी प्रोभिन्स गोभरमेन्ट गण्डकी प्रोभिन्सले यो चाँहि मानब जातिको एउटा साझा शत्रुको विरुद्धमा लड्ने जे संकल्प आज हामीले गरेका छौं साझा संकल्प। त्यो साझा संकल्पमा वि विल विन ओभर कोभिड १९ एउटै मात्र शर्त के छ भने इफ युआर युनिफाइड हामी एकताबद्ध भएर लाग्यौं भने हामी एकिकृत भयौं भने इफ यु वर्क टु सोलिडारिटी हामी यो कोभिडलाइ जित्न सक्छौं।आज गण्डकी प्रोभिन्स गभरमेन्टले,पार्लियामेन्टले यो पार्लियामेन्टमा काम गरीरहनु भएका सवै माननीय सदस्य ज्यूहरु सत्ता पक्ष प्रतिपक्ष नभनिकन किनभने कोभिड त साझा शत्रु भएपछि प्रतिपक्षको पनि शत्रु हो।सत्ता पक्षको पनि शत्रु हो।मूख्यमन्त्रीको पनि शत्रु हो।सभामुखको पनि शत्रु हो।प्रतिपक्ष दलको नेता ज्यूको पनि शत्रु हो।अरु दलका नेताहरुको पनि शत्रु हो।हामी सवैको शत्रु हो। सवै शत्रुको बिरुद्ध एक्ला एकलै किन लड्ने साझा रुपले लड्ने भनेर जुन संकल्प गरेका छौं ,गण्डकी प्रदेश सभा तर्फबाट।यो गौरव गर्न लायकको इतिहासको यो काल खण्डमा यो घडीमा हामि उभिएका छौं। त्यसकारण यो काममा गण्डकी प्रदेश सरकारले आफ्नो पुर्ण क्षमतामा काम गर्ने छ भन्ने प्रतिवद्धता जाहेर गरेर अन्तिममा म के भन्न चाहान्छु भने केहि कुराहरु थोरै मात्रै के निवेदन गर्न चाहान्छु भने हाम्रो पार्लियामेन्टलाई कमसेकम क्रियटिभ बनाउँ,ग्लोरियस बनाउँ,कन्सट्रक्टिभ पनि बनाउँ।यो लेनिनले कुनै जमानामा भने जस्तो आज हाम्रो यो पार्लियामेन्टमा लागु हुदैन यो विषय जारहरुको डुमा, नेपालमा राजा महाराजाको पञ्चायत जस्तो होइन यो प्रदेश सभा र अहिले प्रतिनिधि सभा।यो जनताले निर्वाचित गरेको हो।जनताको लागि निर्वाचित भएको हो।जनतै द्वारा निर्वाचित भएको प्रदेश सभा र अहिलेको प्रतिनिधि सभा हो।जसले आफ्नै तहको सरकार बनाउँछ।यो ठाउँमा उभिएर यसलाइ गफ गर्ने अखडा नबनाउँ भन्छु मैले।समस्या समाधानको थलो बनाउँ,यो मैना र सुगा बोल्ने रुपमा यसलाइ स्थापना नगरौं।हाम्रो मन्त्री ज्यूहरु यहाँ बिभिन्न बिषयमा हाम्रो सरकारसँग जोडिएर प्रश्नहरु उठने गर्छन।छलफल हुने

गर्छ। गम्भिर हौं, गम्भिर बनौं। सरकारको गाम्भिरयता, सरकारको प्रतिष्ठा, सरकारको ईमान्दारिता, यो प्रदेश प्रति यो प्रदेशको जनता प्रति यो सभा प्रति छ भन्ने कुरा देखाउँ हामी। यस काममा जति दिनु पर्ने हो त्यति दिन सकिराछैनौं। मन्त्री सँग मात्र होइन यो प्रदेश सभाको गौरव वढाउने कुरामा प्रतिष्ठा वढाउने कुरामा माननीय सभामुख ज्यूको उत्तिकै भुमिका रहन्छ। माननीय सदस्य ज्यूको भुमिका पनि उत्तिनै रहन्छ। हामी सवै मिलेर सरकार, सभामुख,उपसभामुख,पार्लियामेन्टरि अनर सवै मिलेर यो गण्डकी प्रदेश सभालाइ अरु प्रदेश सभा भन्दा अलिकति भिन्न,अलि बढि कन्सट्रक्टिभ,अलि बढि क्रियटिभ र अलिकति बढि राष्ट्रिय साझा विषयहरुमा हामी सँगसँगै जाने प्रयत्नहरु रहनुपर्छ। भिन्नताको लागि भिन्नता होईन काममा भिन्नता देखाउँ। एभ्रि सक्सेस पिपुल डु नट निउ थिङ्कस भनेको छ दे डु डिफरेन्टलि कुनै नयाँ चिज नयाँ काम गर्दा मात्रै प्रख्यात हुने होइन सफल हुने होइन। जे काम गरिरहेको छ त्यसलाइ भिन्न ढंगले अरु भन्दा भिन्न ढंगले काम गर्न खोजियो नयाँ ढंगले काम गर्न खोजियो त्यसमा सफलता मिल्छ भन्ने कुरालाइ हाम्रो गण्डकी प्रदेश सभाले स्थापित गर्नुपर्छ त्यो मान्यता। त्यसकारणले म के भन्न चाहान्छु भने आज हामी जुन खालको कुराहरु गरिराखेका छौं धेरै माननीयहरुले धेरै प्रश्नहरु गरिरहनु भएको छ। उत्तर दिन लाग्यो भने फेरि लामो होला। अब हामी चाँडै विन्टर सेसन शुरु गर्दैछौं। विन्टर सेसन बास्तवमा विलहरुको सेसन हो। विधेयकहरुको सेसन हिउँदे अधिवेशन हो। हामी वर्खे अधिवेशनमा त नीति कार्यक्रम पास गराउने बजेट पास गराउने त्यसकारणले विन्टर सेसन हाम्रो विधेयकहरुको सेसन भएको हुनाले मेले सरसरति हेर्दा खेरि चौथो हो कि पाँचौं चौथो होला सायद चौथो सेसनमा जम्मा एउटा विधेयक पास गरेका छौं त्यतिखेर मैले के हेरे हौंला। म लज्जित छु। सरकारको तर्फबाट विल किन धेरै दिएन होला? हाम्रो पार्लियामेन्ट कमिटीहरुले किन राम्रो काम गरेन होला? किन आलोचना भएन होला? यहाँ आलोचनाको कुरा किन उठेन होला? शून्य समय हाम्रो थियो विशेष समय पनि छँदै थियो हाम्रो। त्यसकारणले हामीले विचार गरेर गत वर्ष हाम्रो चौधवटा गत अधिवेशनमा चौधवटा विल हामीले पास

गरेका रहेछौं।त्यसकारणले यसपटकको यो हिउँदे अधिवेशनलाइ पनि त्यसरी कन्सट्रक्टिभ बनाऔं।हामीलाइ चाहिने विलहरु अझ धेरै छन वनाउनु पर्ने विलहरु त्यसकारणले मैले मन्त्रालयमा पनि मैले मन्त्रीहरुलाइ भनेको छु आफ्नो विलहरु वनाउँ।हामीले आवश्यक पर्ने विलहरु रुल अफ ललाई प्रभावकारी बनाउन विलहरुलाइ आवश्यकतानुसार परिमार्जन गर्नु पर्ने बनाउनु पर्ने स्थिति हुन्छ।यसमा हामी सवैको ध्यान जाओस।कोभिड १९ लाइ कसरी जित्न सकिन्छ।फेरि पनि म दोहोर्याउन चाहान्छु।यो बर्ष चाँहि कोभिड १९ माथि मानव जातिले विजय गर्ने वर्षको रुपमा त हामीले भन्न सक्ने विषय त भएन नेपालभरि यो अन्त्य गर्ने कुरा नेपाल सरकाले भन्ला तर गण्डकी प्रदेशले गण्डकी प्रदेश भित्रको जनताले गण्डकी प्रदेशले यहाँको सरकार,संसद यो कोभिड १९ कोभिड कोराना भाइरस डिजिज १९ को जे प्रकोप छ प्रकोपलाइ नियन्त्रण गर्ने,अन्त्य गर्ने कुरामा सफलता मिलोस भन्ने शुभकामना दिएर सवैले एकपटक हातेमालो गरेर अगाडि बढ्न अनुरोध गरेर।माननीय सभामुख महोदय,यो सवै हाम्रो अहिलेको सेसनलाई कनस्ट्रकटिभ ढंगले अन्त्य गर्ने कुरामा एउटा मेलमिलापको ढंगले अन्त्य गर्ने कुरामा जुन खालको भुमिका निर्वाह गर्नु भयो। माननीय सभामुख ज्यू,विपक्षी दलका नेताज्यू अरु विपक्षी दलका नेताज्यूहरु सवै सत्ता पक्षिय माननीय संसदहरु अरु संसदहरुलाइ पनि धेरै धेरै आभार ब्यक्त गरेर पूर्ण एकपटक यो साझा संकल्प प्रस्ताव प्रति गण्डकी प्रदेश सरकारको मोर देन हन्ड्रेड परसेन्ट यो कार्यान्वयनमा प्रतिवद्धता जाहेर गरेर आफ्ना भनाईहरु टुङ्गाउन चाहन्छु।धन्यबाद।

**माननीय सभामुख**- माननीय सदस्यहरु, अब यो छलफल यहि समाप्त हुन्छ।माननीय सदस्यहरु अव म उक्त संकल्प प्रस्तावलाइ निर्णायार्थ प्रस्तुत गर्दछु।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला।यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस।यसको बिपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस।हुन्न भन्ने आवाज सुनिएन तसर्थ उक्त संकल्प

प्रस्ताव सर्वसम्मतले स्विकृत भएको घोषणा गर्दछु।माननीय सदस्यहरु,प्रदेश सभाको मिति २०७७/१०/०६ गतेको बैठकबाट सर्वसम्मत स्विकृती संकल्प प्रस्तावमा उल्लेखित बिषयवस्तुका सन्दर्भमा अनुगमन गर्न प्रदेश सभा नियमावली २०७४ को नियम १५२ को बमोजिम एक संयुक्त संसदीय अनुगमन समिति गठन हुने र सो समितिमा निम्न सदस्य रहने गरी प्रस्ताव प्रस्तुत गर्दछु।माननीय आशा कोइराला, माननीय खिम बिक्रम शाही, माननीय चन्द्र बहादुर बुढा, माननीय धनमाया पोखरेल लामा, माननीय मणिभद्र शर्मा, माननीय मायानाथ अधिकारी, माननीय मित्र कुमारी गुरुङ सुवेदी, माननीय रोशन गाहा मगर, माननीय सरिता गुरुङ।(२) समितिले आफ्नो कार्यविधि आँफै निर्माण गर्नेछ।(३) समितिको कार्यविधि कार्य प्रारभ्म भएको मितिले तिन महिनाको हुनेछ।अव म उक्त प्रस्तावलाइ समर्थन जनाइदिनु हुन अनुरोध गर्दछु।माननीय सदस्यहरु,नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम चालु विशेष अधिवेशनको कार्यसूचि आज देखि समाप्त हुने भएकोले सो व्यहोराको जानकारी प्रदेश सरकार समक्ष पठाइने व्यहोरा माननीय सदस्यहरुलाइ जानकारी गराउँछु।माननीय सदस्यहरु अव यो बैठक यहि स्थगित हुन्छ।